
का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ पुस २०८१,
शानिबार
28 December, 2024
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३०९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# फेरि सत्तामै नजर !

२०७९ मंसिरको निर्वाचनयता फेरिएका सत्ता गठबन्धन, प्रधानमन्त्री, मुख्यमन्त्री र मन्त्रीहरूको संख्याले पनि नेताहरूको ध्यान सत्तामा मात्र रहेको पुष्टि हुन्छ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ पुस ।

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका नेताहरूले लगातार सरकारको आयुबारे सार्वजनिक अभिव्यक्ति दिन थालेका छन् । रुकुमपूर्वको भूमे गाउँपालिकामा शुक्रबार आयोजित एक कार्यक्रममा उपमहासचिव वर्षमान पुनले यो सरकार धेरै नजाने सार्वजनिक दाबी गरे ।

नेपाली कांग्रेस र नेकपा एमालेले भनेजस्तो यो सत्ता गठबन्धन आगामी निर्वाचन २०८४ सालसम्म नपुग्ने उपमहासचिव पुनले बताएका हुन् ।

पूर्वअर्थमन्त्रीसमेत रहेका पुनले कांग्रेस र एमालेकै नेताहरूले सरकारको विकल्प खोज्न थालेको बताए । 'कांग्रेसका नेताहरू आएर कतिञ्जेल बोक्ने ? एमालेको, ओलीजीको हप्तैपिच्छे एउटा-एउटा काण्ड आउँछ, हामी कति बोक्ने हो ? भन्नुहुन्छ', पुनले भने, 'एमालेका नेताहरू आएर बीआरआई पनि भयो अब कम्युनिस्टहरू मिलौं भन्नेजस्तो कुरा गरेर कांग्रेस तर्साउन खोज्नुहुन्छ ।'

कांग्रेस र एमालेका नेताहरूबारे माओवादी नेता पुनले बोलेको पृष्ठ २ मा

## उपभोक्ता हकको रक्षा गरौं

- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
- मिति/म्याद समाप्त भएको बस्तु विक्री गर्नु,
- कुनै पनि बस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा विक्री गर्नु,
- खाद्य पदार्थमा अखाद्य रंग वा पदार्थको प्रयोग गर्नु,
- जस्ता कार्य उपभोक्ताको हक बिरुद्धका कार्य हुन्,

*यस्ता कार्य कानून बमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# बयानमा पनि जीबी देखाएर पन्छिए रवि



बयानका क्रममा रास्वपाका सभापति रवि लामिछानेले नयाँ पार्टीको अस्तित्व सिध्याउन आफूलाई फसाउन खोजिएको बताएका छन् । अदालतमा दायर गरिएका सबै अभियोग झुटा र असत्य भएका उनको जिकिर छ

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ पुस ।

सहकारी ठगीको आरोप लागेर हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको बयान सकिएको छ ।

सूर्यदर्शन सहकारीको रकम ठगी, संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणको अभियोग उपर कास्की जिल्ला अदालतमा पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेको बयान सकिएको हो । लामिछाने गत २ कातिकमा काठमाडौंबाट पक्राउ परेका थिए । अनुसन्धानपछि गत ७ पुसमा लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर भएको थियो ।

मुद्दा दायर भएपछि २ दिन लगाएर रविको बयान लिइएको हो । जिल्ला अदालतका स्रेस्तेदार राजन खनालका अनुसार जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा लामिछानेको बयान लिइएको हो ।

बयानका क्रममा अधिकांश प्रश्नमा रविले गितेन्द्रबाबु राइ अर्थात् जीबी राईलाई देखाएका छन् । लामिछानेले इजलासमा भनेका छन्, 'जीबी राईलाई सोध्नुपर्ने प्रश्नको जबाफ मैले दिन सक्ने कुरा भएन ।' कास्की जिल्ला अदालतमा रविलाई सोध्नका लागि २६ वटा प्रश्न तयार पारिएको थियो । तीमध्ये ११ वटा प्रश्न बिहीबार र बाँकी शुक्रबार सोधिएको हो ।

धेरै प्रश्न आफूसँग सम्बन्धित नरहेको जबाफ दिएका रविले आफूले गृहमन्त्री हुँदा जीबीलाई नेपाल ल्याएर बचत फिर्ता गराउन पहल गर्दागर्दै सरकार ढलेको समेत बताएका छन् । अर्थात्, अधिकांश प्रश्नमा रविले जीबीलाई देखाएर पृष्ठ २ मा

## शेरा दरबार प्रकरण

# १६८ रोपनी जग्गा जफत गरिने

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १२ पुस ।

नुवाकोटस्थित शेरा दरबारको १६८ रोपनी जग्गा नेपाल सरकारको नाममा आउने भएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले दरबारको जग्गा दुरुपयोग भएको निष्कर्ष निकालेको छ । यही निष्कर्षका आधारमा सीआईबीले सरकारको नाममा ल्याउन भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई पत्राचार गरेको हो ।

सीआईबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले उक्त जग्गा नेपाल सरकारको नाममा ल्याउन तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाउनका लागि भूमि विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पत्राचार गरेका हुन् ।

अख्तियारले जग्गाका विषयमा विगतदेखि नै चासो राखिरहेको छ । थप अनुसन्धानका लागि आवश्यक कागजातसहितको प्रतिवेदन पठाइएको सीआईबीले जनाएको छ ।

सीआईबीका अनुसार शेरा दरबारको जग्गाको सम्बन्धमा ४ महिना लगाएर अनुसन्धान गरेको हो । दरबारको १६८ रोपनी जग्गा हदबन्दीको प्रयोजनविपरीत भोगचलन गरेको सीआईबीको निष्कर्ष छ ।

सीआईबीका अनुसार पृथ्वीनारायण शाहले नुवाकोटमा १८४ रोपनीमा शीतकालीन दरबार निर्माण गरेका थिए ।



*नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले नुवाकोटस्थित शेरा दरबारको १६८ रोपनी जग्गा दुरुपयोगमा परेको निष्कर्ष निकालेको हो । यही निष्कर्षका आधारमा सीआईबीले सरकारको नाममा उक्त जग्गा फिर्ता ल्याउन भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई पत्राचार गरेको छ*

शाह परिवारबाट नामसारी हुँदै आएको उक्त जग्गा हेलेन शाह र जयन्ती शाहको नाममा पुगेको थियो । २०३६ सालमा हदबन्दी लागू भएपछि हेलेन र जयन्तीको नाममा रहेको बाहेकको १६८ रोपनी जग्गा मालपोत कार्यालयबाट गौरीशंकर फार्मिङको नाममा राखिएको पाइएको छ ।

नुवाकोट घर भएका विकेश श्रेष्ठले २०४४ सालमा गौरीशंकर फार्मिङको नाम परिवर्तन गरेर अन्नपूर्ण फार्मिङको नाममा भोगचलन गरेका थिए । मालपोत कार्यालयको स्रेस्तामा केरमेट गरेर गौरीशंकर फार्मिङलाई अन्नपूर्ण फार्मिङ बनाएको पाइएको सीआईबीले जनाएको छ ।

२०६६ सालसम्ममा विकेश श्रेष्ठसहित ६ जना शेयर सदस्य भएर सो जग्गा भोगचलन गरेका भेटिएको प्रहरीको भनाइ छ । हाल अन्नपूर्ण फार्मिङ विकेश र उनको परिवारका नाममा मात्र रहेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

## वैदेशिक रोजगार विशेष

# कतारका नेपाली राजदूत समक्ष समस्या र सुझाव

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ पुस ।

कतारको नेपाली नियोगमा शुक्रबार आयोजित कार्यक्रममा कतारका लागि नवनियुक्त नेपाली राजदूत समक्ष समस्या र सुझावका चाङ लागेका छन् ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, (एनआरएनए एनसीसी) कतारको समन्वयमा कतारमा स्थापित सम्पूर्ण संघसंस्थाहरूद्वारा आयोजित कतारका लागि नवनियुक्त नेपाली राजदूत रमेशचन्द्र पौडेलको स्वागत तथा परिचयात्मक कार्यक्रममा संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूले समस्या राखेका हुन् ।

कार्यक्रममा उनीहरूले श्रम रिन्युको अप्रुभल समयमै नहुने र दूतावासमा फोन गरेर अथवा दूतावास नै जानुपर्ने बाध्यता रहेको, पासपोर्टको स्लट नखुल्ने, आजाद भिसामा बसेकालाई कम्पनीले समयमा आईडी नलगाइदिँदा श्रमिकले पीडा भोगेको समस्या राखे ।



नेपाली दूतावासको टेलिफोन नउठ्ने र फोन उठे पनि ठाडो जबाफ दिने गरेको प्रति वक्ताहरू रुष्ट देखिए । वक्ताहरूले दूतावासका कर्मचारीमा शिष्टता नभएको गुनासो राजदूत समक्ष गरे । पृष्ठ २ मा

## इजरायलका लागि स्वास्थ्य परीक्षण गराउन तोकियो ५ अस्पताल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ पुस ।

वैदेशिक रोजगार विभागले इजरायल जान छनोट भएका कामदारलाई स्वास्थ्य परीक्षण गराउन ५ वटा अस्पताल तोकेको छ । त्यसका लागि नेपाल मेडिसिटी हस्पिटल भैंसेपाटी, स्टार हस्पिटल सानेपा, ह्याम्स हस्पिटल मण्डिखाटार, मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल स्वयम्भू र क्रिस्टल डायग्नोस्टिक सिनामंगल तोकिएको पृष्ठ २ मा

## विदेश लैजाने भन्दै ठगी गर्ने २ पक्राउ

**काठमाडौं/मस–** डिपेन्डेन्ट भिसामा दक्षिण कोरिया लैजाने भन्दै ठगी गरेको उजुरीका आधारमा प्रहरीले १ जनालाई पक्राउ गरेको छ । प्रहरीले रामेछाप घर भई हाल भक्तपुर बस्दै आएका साजन मगर भन्ने होमबहादुर मगरलाई पक्राउ गरेको हो ।

२ जना युवतीलाई डिपेन्डेन्ट भिसामा दक्षिण कोरियालगायतका देशमा लैजान्छु भनी २१ लख रुपैयाँ ठगी गरेको उजुरी परेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी काजीकुमार आचार्यले बताए ।

आचार्यका अनुसार मगरले सामाजिक संजालका माध्यमबाट विश्वासपात्र बनी पृष्ठ २ मा

## दक्षिण कोरिया संकट

# कार्यबाहक राष्ट्रपतिविरुद्ध पनि महाअभियोग



**एजेन्सी/सिओल–** दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलविरुद्ध महाअभियोग प्रस्ताव पारित गरेको २ सातापछि कार्यबाहक राष्ट्रपति हान डक सुविरुद्ध पनि महाअभियोग प्रस्ताव पारित भएको छ ।

त्यहाँको विपक्षी दलले विहीबार दर्ता गरेको महाअभियोग प्रस्ताव शुक्रबार भएको मतदानबाट पारित भएको हो । महाभियोग प्रस्तावमा कुल १९२ सांसदले मतदान गरेका थिए ।

अब उपप्रधानमन्त्री र अर्थमन्त्री छोई साङ मोकले कार्यबाहक राष्ट्रपतिको भूमिका सम्हाल्ने छन् ।

राष्ट्रपति येओलले छोटो समयका लागि घोषणा गरेको सैनिक शासन (मार्शल ल)का कारण उनीविरुद्ध संसद्ले महाअभियोग लगाई उनलाई राष्ट्रपतिबाट हटाएको थियो ।

विपक्षी दलहरूले कार्यबाहक राष्ट्रपति सुले राष्ट्रपति येओलविरुद्धको महाभियोग प्रक्रियालाई अगाडि नबढाएको आरोप लगाउँदै उनीविरुद्ध पनि महाभियोग प्रस्ताव दर्ता गरेका थिए ।

महाभियोगको सूचना संवैधानिक अदालतमा पुऱ्याइएपछि सुको कार्यबाहक राष्ट्रपतिको पद पनि निलम्बनमा पर्ने छ ।

दक्षिण कोरियामा कार्यबाहक राष्ट्रपतिका रूपमा काम गर्दा महाभियोगको सामना गर्नुपरेको यो पहिलो पटक हो । कार्यबाहक राष्ट्रपति सुविरुद्धको महाभियोगलाई संवैधानिक अदालतबाट पुष्टि पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१३ पुस २०८१, शनिबार
28 December 2024, Saturday

# प्रिन्ट मिडियालाई एक ठाउँमा ल्याउन 'पिएसबी' ल्याउने योजना छ : सञ्चारमन्त्री

**गण्डकी/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले दूरसञ्चारको कामलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन्।

नेपाल दूरसञ्चार प्राधिकरणद्वारा शुक्रबार पोखरामा आयोजित गण्डकी प्रदेशमा 'दूरसञ्चार सेवाको वर्तमान अवस्था, गुणस्तर र चुनौती' सम्बन्धमा आयोजित अन्तरक्रिया कार्यक्रममा मन्त्री गुरुङले गुनासो नआउने तवरले प्रभावकारी सेवा प्रवाह हुनुपर्ने बताए। सबैको एकताबद्ध प्रयासबाट दूरसञ्चारको कामलाई गुणस्तरीय बनाउन सकिने उनले बताए। राजमार्ग क्षेत्रमा दूरसञ्चार सेवाका सम्बन्धमा गुनासो आउने गरेको उल्लेख गर्दै मन्त्री गुरुङले पृथ्वी राजमार्गसहित अन्य राजमार्गमा स्तरीय सेवा दिनेगरी काम गर्नुपर्नेमा जोड दिए।

'सेटलाइट'का माध्यमबाट 'फोरजी' सेवालाई घरघरमा पुर्‍याउनुपर्ने उनले बताए। सञ्चार क्षेत्रलाई व्यवस्थित गर्न सरकारले पब्लिक सर्भिस बोर्ड (पिएसबी)मार्फत नेपाल टेलिभिजन र रेडियो नेपाललाई एक ठाउँमा ल्याएको जिकिर गर्दै उनले प्रिन्ट मिडियालाई पनि एक ठाउँमा ल्याउन पिएसबी ल्याउने योजना रहेको बताए।



पछिल्लो समयमा 'अनलाइन मिडिया'मा अराजकता देखिएको उल्लेख गर्दै मन्त्री गुरुङले प्रेस स्वतन्त्रता एवम् जनताका हक अधिकारलाई कुण्ठित नगर्ने गरी अनलाइन मिडियालाई व्यवस्थित गरिने जानकारी दिए। साइबर अपराध बढ्दो अवस्थामा रहेका कारण यसको नियन्त्रणका लागि सरकारले साइबर सेक्युरिटी ऐन ल्याउने तयारी गरेको उनले बताए।

नेपाल टेलिकमलाई जनउत्तरदायी बनाउनाका साथै नागरिक निगरानी बढाउनका लागि यसको पब्लिक शेयर वृद्धि गर्दै २५ देखि ३० प्रतिशत बनाउनुपर्छ भन्ने विषय छलफलका क्रममा रहेको मन्त्री गुरुङको भनाइ थियो। ई गभर्नेन्स वर्तमानको आवश्यकता भएको बताउँदै उनले जनतासँग जोडिएको सिंहदरबारका रुपमा रहेका प्रत्येक वडामा ई गभर्नेन्स सुरु गर्दै हाम्रो काम कारबाहीलाई छिटोछरितोसँगै खर्चमा समेत कम गर्न सकिने बताए।

संविधान संशोधन बहुमतका आधारमा गर्ने पक्षमा सरकार नरहेको उल्लेख गर्दै मन्त्री गुरुङले संशोधनको आवश्यकतालाई दृष्टिगत गरी सत्तारूढ प्रमुख दुई दलमा आपसी छलफल गर्दै अन्य दलसँग छलफल बढाउने बताउए। संघीयता, समानुपातिक समावेशिताका सम्बन्धमा प्रश्न नउठ्ने तर यसको प्रयोग कसरी गर्ने सम्बन्धमा छलफल हुन सक्ने उनले बताए।

प्रदेशको औचित्यलाई पुष्टि गर्नेगरी प्रदेश सरकारहरूले काम गर्नुपर्ने बताउँदै उनले प्रदेश तथा स्थानीय तहले पहिले पाउने गरेको बजेट सात प्रतिशतबाट घटेर तीन प्रतिशत हुँदा पनि सातवटै प्रदेशबाट बजेट कम भयो भन्ने गरेको आफूले नसुनेको उनले बताए। गण्डकी प्रदेशका ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री फणिन्द्र देवकोटाले दूरसञ्चार सेवालाई सबैले समान सुविधा पाउनेगरी विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए।

गाउँपालिका महासंघ, गण्डकी प्रदेशका अध्यक्ष नवराज ओझाले विकास निर्माणका क्रममा सम्बन्धित निकायहरूमा समन्वय नहुँदा हुने गरेका कमजोरी हटाउनुपर्नेमा जोड दिए। नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले दुरसञ्चार सेवाका क्षेत्रमा भइरहेको प्रयास एवम् वर्तमान अवस्थाबारे जानकारी गराएका थिए।

# नागरिकता प्राप्ति सहज बनाउँछौँ : गृहमन्त्री



**काठमाडौँ/मस–** गृहमन्त्री रमेश लेखकले संविधान र कानुन बमोजिम नागरिकता प्राप्तिमा सहजता बनाइने बताएका छन्। शुक्रबार गृहमन्त्रालयमा नागरिकता समस्या समाधान अध्ययन समितिको प्रतिवेदन बुझ्दै गृहमन्त्री लेखकले यस्तो बताएका हुन्। 'जसले संविधान र कानुन बमोजिम नागरिकता प्राप्त गर्नुपर्ने हो। उसले नागरिकता पाउनैपर्छ। तर, नागरिकता प्राप्त गर्न नहुने मान्छेले नागरिकता पाउने अवस्था बन्नुहुँदैन। यी दुई वटा कुरामा स्पष्ट छौं,' उनले भने।

नागरिकता निकै संवेदनशील विषय भएको भन्दै यसलाई गम्भीर र जिम्मेवारीपूर्वक हेर्नुपर्ने गृहमन्त्री लेखकको भनाइ छ। 'प्रक्रियागत झमेलाका कारणले नागरिकता नपाएको स्थिति हुनुहुँदैन, र सम्मानित सर्वोच्च अदालतबाट पटक पटक फैसला भएका छन्।' उनले भने, 'पटक/पटक निर्देशन दिने काम भएका छन्। यी सबै कुरालाई मध्यनजर गरेर नागरिकता प्राप्तमा देखिएका समस्या समाधान गर्न सरकार अगाडी बढेको छ।'

समितिले झण्डै ३ महिनामा सबै कुराको अध्ययन गरेर अदालतका फैसला, मौजुदा कानुनी व्यवस्था, विभिन्न जिल्ला प्रशासनमा देखिएका जटिलतालाई अध्ययन गरेको छ। गृहमन्त्री लेखकले प्रतिवेदनको गम्भीरतापूर्वक अध्ययन गरेर कार्यान्वयनमा लैजाने बताए। 'हामी प्रतिवेदनको गम्भीरतापूर्वक अध्ययन गर्छौं। कहाँ के समस्या औल्याउनु भएको छ? समधानका उपाय के देखाउनु भएको छ। यसको के निष्कर्ष उहाँहरुले दिनुभएको छ? यो कुरालाई अध्ययन गरेर थप आवश्यक काम हामी गर्छौं।'

प्रतिवेदनमा नेपाली आमाबाट जन्मिएका सन्तानलाई नागरिकता पाउन सहज हुने लगायतका विषय समेटिएका छन्। गृहमन्त्री बनेपछि लेखकले नागरिकता प्राप्तमा देखिएको जटिलताको गाँठो फुकाउन गम्भीर थिए। सोही अनुसार गतभदौको ३१ मा गृहमन्त्रालयका सहसचिव डा.टोकराज पाण्डेको नेतृत्वमा उक्त समिति गठन भएको थियो। पाण्डे नेतृत्वको समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव, कानुन मन्त्रालयका उपसचिव, गृह मन्त्रालयको कानुन महाशाखाका प्रतिनिधि र नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाका उपसचिव सदस्य थिए।

# जनताका गुनासो सुन्दै सुझाव माग्दै अर्घाखाँची प्रहरी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १२ पुस



प्रहरी र नागरिकबीच सुमधुर सम्बन्ध स्थापित गर्न जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले नागरिक सुनुवाइ अभियान सञ्चालन गरेपछि यो कार्यक्रम निकै प्रभावकारी भएको स्थानीय बुद्धिजीवीहरुले बताएका छन्। जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी कर्मचारीहरु अभियान लिएर मातहतका प्रहरी युनिटहरुलाई परिचालन गरी टोलटोलमा पुग्न सुरु गरेपछि स्थानीयबासीले प्रहरीको कामको प्रशंसा गरेका हुन्।

कार्यक्रममा स्थानीय नागरिकसँग गुनासो सुन्ने, समुदायका समस्या र प्रहरीले गर्नुपर्ने दायित्वको सन्दर्भमा छलफल हुने गरेको प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले बताए।

जिल्ला प्रहरी कार्यालय अर्घाखाँची र ईलाका प्रहरी कार्यालयहरुको संयुक्त आयोजनामा नागरिक सुनुवाइ कार्यक्रम गाउँ-गाउँमा सुरु गरिएको हो। अर्घाखाँचीको पाणिनी गाउँपालिका वडा नम्बर ८ र छत्रदेव गाउँपालिकामा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ।

नागरिकहरूले जिल्लामा सवारी नियम उल्लंघन गरी सवारी चलाउने, दुर्घटनाको जोखिम बढेको र यात्रुको सुरक्षा ध्यान दिनुपर्नेमा जोड दिएका थिए। युवाहरूमा लागुऔषध दुर्व्यसनीको संख्या बढ्दै गएकोमा समेत स्थानीयले चिन्ता व्यक्त गरेका थिए।

कार्यक्रममा बोल्दै छत्रदेव गाउपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ सडकको अवस्था र यात्रुको चापले गर्दा सवारी दुर्घटनाको जोखिम बढेकाले यसको नियमन गर्न नेपाल प्रहरी, जनप्रतिनिधि, सरोकारवाला सचेतना अभियान सञ्चालन गर्नुपर्ने बताए। उनले सेवाग्राही र सेवा प्रदायक संस्थाबीचको प्रत्यक्ष सम्बन्ध स्थापना हुने र सुशासन, पारदर्शिता र जवाफदेहिता बोध हुने खालका कामहरु प्रहरीले गरिरहेकाले यस्ता कार्यक्रमले सुशासन पारदर्शितामा समेत थप सहयोग पुगेको बताए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले जनताको गुनासो सुन्न प्रहरी गाउँमा आएकोले मनमा लागेका कुरा र प्रहरी प्रशासनसँग कुनै गुनासो भए खुलेर राख्न उपस्थित छत्रदेवबासीलाई अनुरोध गरेका थिए। कार्यक्रममा छत्रदेव गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले जनता, कर्मचारी प्रहरी प्रशासनबीचको सम्बन्धलाई प्रगाढ बनाउन जनतासँग प्रहरी कार्यक्रम प्रभावकारी भएको बताए। उनले भने पालिकाले पनि प्रहरी ले जस्तै जनताको गुनासो सुन्नका लागि यस्तै कार्यक्रम बनाउनु पर्ने बताउनुपर्ने बताउदै जनप्रतिनिधि प्रहरी प्रशासनको संयुक्त टोली गाउँ-गाउँमा जाँदा वास्तविक सवालहरू पहिचान हुनुका साथै जिल्लाको दिगो विकासमा सहयोग पुग्ने समेत बताए।

# सरकारले केही काम गर्न सकेन : मेयर बोलन

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र शाह (बालेन)ले अहिले दुई तिहाइको सरकार भएपनि केही काम गर्न नसकेको बताएका छन्।

शुक्रबार काठमाडौंमा आयोजित प्रथम कोटेश्वर महोत्सव-२०८१ उद्घाटन समारोहमा बोल्दै उनले ५० औं वर्षदेखि जग्गाको समस्याका कारण मुआब्जा नपाएको भन्दै सरकारले काम प्रकृयामा छ भनेर झुटो आश्वासन मात्र देखाएको बताए।



उनले भने, '५० औं वर्षदेखि जग्गाको समस्या समाधान भएको छैन। त्यही कारण मुआब्जा प्राप्त भएको छैन। यसपाली त बहुमत भएको दुई तिहाईको सरकार छ। त्यही पनि केही गरेको छैन। कोही नेताले तपाईंहरुको काम प्रक्रियामा छ, काम हुँदैछ भनेर आश्वासन दिन आउनुभएको छ भने नपत्याउनुहोला। कुनै प्रोसेस भएको छैन। केही काम भएको छैन।'

उनले सरकारले व्यक्तिको जग्गा लुटेर राखेको भन्दै अहिले सरकारमा प्रधानमन्त्री, गृहमन्त्रीदेखि अर्थमन्त्रीसम्म आफ्नै हुँदा पनि काम भएन भने कहिल्यै नहुने बताए। उनले भने, 'सरकारले तीनकुनेको व्यक्तिको जग्गा लुटेर राखेको छ। यसको मुआब्जा दिन कुनै पनि प्रोसेस भएको छैन। अहिलेको दुई तिहाइको सरकारले चाहेमा जे पनि गर्न सक्छ। गृहमन्त्री आफ्नै, अर्थमन्त्री आफ्नै, पैसा आफ्नै, स्रोत साधन आफ्नै, सबै आफ्नै, अझ वडा समिति पनि आफ्नै छ। अहिले पनि यो काम भएन भने कहिले पनि हुँदैन।'

**फेरि...**

यो कुराले राजनीतिक वृत्तमा राम्रै स्थान पाइरहेको छ। माओवादी प्रतिनिधिसभाको तेस्रो ठूलो दल भएकाले पनि उनको अभिव्यक्तिको अर्थ हुन्छ।

यद्यपि, माओवादी नेता पुनले सरकारको विकल्प खोज्ने पक्षमा आफ्नो पार्टी नरहेको समेत बताए। 'उहाँहरू (कांग्रेस र एमालेका नेताहरू) विकल्पमा छलफल गरौं भन्न खोज्नुहुन्छ, हामीचाहिँ रहर गर्नुभएको छ, बोक्नुस् भनिरहेका छौं', नेता पुनले भनेका छन्।

प्रमुख प्रतिपक्षी दलले सरकारको कमजोरीप्रति प्रश्न उठाउनु र आलोचना गर्नु स्वाभाविक कुरा हो। माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि सार्वजनिक अभिव्यक्तिमार्फत सरकारको अवस्था गतिहीन रहेको बताइरहेका छन्। प्रचण्डकै भाषा पछ्याएर माओवादीका अरू नेताहरूले पनि सरकार गतिहीन बनेको प्रतिक्रिया दिइरहेका थिए।

तर, केही समययता माओवादी नेताहरूले यो सरकार धेरै नटिक्ने बताउन थालेका छन् जबकि ९ वर्षपछि प्रमुख प्रतिपक्षी भूमिकामा रहेको माओवादी अध्यक्ष प्रचण्डले अब सत्ताको खेलमा नलाग्ने बताएका थिए। जनताको एजेन्डा उठाएर घरघर पुग्ने र आगामी निर्वाचनपछि सत्तामा आउने प्रचण्डको दाबी थियो।

माओवादी नेतृत्वको त्यो निष्कर्ष वर्तमान सरकारको निरन्तरता हो किनकि कांग्रेस र एमालेको गठबन्धन भत्कने हो भने माओवादी नभई अर्को सरकार बन्दैन। तर, उपमहासचिव पुनको दाबीअनुसार सरकार परिवर्तनको प्रस्ताव नै आउन थालेका छन्।

अर्कातिर प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख भाषण नै '२०८४ सालसम्म यो सरकार ढल्दैन' भन्ने छ। कांग्रेसको समर्थन पाएर गत ३१ असारमा प्रधानमन्त्री बनेका ओलीले लगातार भनिरहेका छन्- २०८४ सालसम्म यो गठबन्धन कायम रहन्छ।

प्रधानमन्त्री ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई सत्ता बुझाउने मिति भनेर आफ्नो कार्यकाल लगातार सार्वजनिक भाषणमा भनिरहेका छन्। चीन भ्रमणबाट फर्केर पनि प्रधानमन्त्री ओलीले आफू नेतृत्वको सरकारको आयुबारे नै बोलेका थिए।

अर्थात्, नेताहरूको मुख्य ध्यान अहिले पनि सत्ताको नेतृत्व रहेको प्रस्ट बुझ्न सकिन्छ। यदि नेताहरूको ध्यान सत्ता स्वार्थमा हुन्थेन भने दसैंअघिको बाढीपहिरोका पीडितहरूबारे राष्ट्रिय संकल्प गरिने थियो। जाजरकोट भूकम्पपीडितहरूले दोस्रो हिउँद पनि चिसोमा रात काट्नुपर्ने अवस्था नआउन सक्थ्यो।

देशभित्रै भविष्य देख्ने युवाहरूको लाम लाग्ने थियो तर नेताहरूको ध्यान २०८४ सालको निर्वाचन अनि सत्ता स्वार्थमा मात्र केन्द्रित छ। २०७९ मंसिरको निर्वाचनयता फेरिएका सत्ता गठबन्धन, प्रधानमन्त्री, मुख्यमन्त्री र मन्त्रीहरूको संख्याले पनि नेताहरूको ध्यान सत्तामा मात्र रहेको पुष्टि हुन्छ।

**बयानमा...**

आफूमाथि लागेको आरोपबाट पन्छिनेगरी बयान दिएका छन्।

गोरखा मिडिया नेटवर्कमा सहकारीको रकम आएको जान्दाजान्दै रविले चेक काटेको मुख्य आरोप छ। उक्त कम्पनीमा जीबी अध्यक्ष हुँदा रवि प्रबन्ध निर्देशक थिए।

इजलासमा लामिछानेलाई सूर्यदर्शन सहकारीमा शेयर सदस्य हो कि होइन? ऋण लिएर मिलान गरेको हो कि होइन? सहकारीको पैसा समूह मिलेर गोर्खा मिडियामार्फत अपचलन गरेको हो कि होइन? संगठित रूपमा जीबी राईसँग संलग्नता हो कि होइन? भनेर सोधिएको थियो।

जबाफमा रविले सूर्यदर्शन सहकारी आफूले देख्दा पनि नदेखेको, पाइला पनि नटेकेको, कुनै खाता र शेयर पनि नभएको बताएका छन्। सूर्यदर्शनबाट ५ करोड रुपैयाँ गोरखा मिडियामा गएको विषय पनि रविले स्वीकारेनन् बरु यी प्रश्नमा रविले जीबी राईले दिनुपर्ने प्रश्नको जबाफ आफूले दिन नसक्ने पटकपटक दोहोर्‍याएका छन्।

बयानका क्रममा रविले नयाँ पार्टीको अस्तित्व सिध्याउन आफूलाई फसाउन खोजिएको बताएका छन्। अदालतमा दायर गरिएका सबै अभियोग झुटा र असत्य भएका उनको जिकिर छ।

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएर त्यसैका आधारमा तयार पारिएको प्रश्नमा रविले सबै प्रश्नमा इन्कारी बयान दिएका हुन्। लामिछानेमाथि सहकारी ठगीमा ३ करोड ३७ लाख ६५ हजार र सम्पत्ति शुद्धीकरणतर्फ २७ करोड ८९ लाख ८४ हजार रुपैयाँ बिगो माग दाबी गरिएको छ।

रविको बयान सकिए पनि हिरासत बसाइ भने अझै रहने छ।

सहकारी ठगीकै अभियोग झेलिरहेका रविकै व्यावसायिक साझेदार नेपाल प्रहरीका पूर्व नायब महानिरीक्षक छविलाल जोशी पनि उनीसँगै हिरासतमा छन्। अदालतले उनको पनि बयान लिइसकेको छ। जीबी राईको कारोबारमा सघाएको अभियोगमा पक्राउ परेकी लीला पछाईको बयान पनि अदालतमा भइसकेको छ।

अब क्रमशः नेचर हर्ब्सका संचालक रामबहादुर खनाल, पूर्वसांसद मीना गुरुङ, सूर्यदर्शन सहकारीकी पूर्वकोषाध्यक्ष आरती गुरुङ, पूर्वसंचालक ललितबहादुर गुरुङ, पूर्वसंचालक कृष्णबहादुर गुरुङको बयान हुने छ।

बाँकी अभियुक्तको बयान आइतबारबाट हुने छ। दुवैतर्फको बहस सुनेर इजलासबाट न्यायाधीशले तत्काल प्राप्त प्रमाण र अपराधको गम्भीरता हेरी अभियुक्तहरूलाई थुनामै राखेर मुद्दाको बाँकी कारबाही अघि बढाउने कि बाहिर बसेर प्रतिवाद गर्न दिने भनेर आदेश हुने छ।

**कतारका...**

नेपालमा सरकार परिवर्तनसँगै राजदूतको कार्यकाल निर्धारण हुने अस्थिरताप्रति समेत वक्ताहरूले चिन्ता व्यक्त गरे। उनीहरूले अन्य समस्याका चाङ भए पनि राहदानीकै समस्याले अन्य मुद्दाहरू ओझेलमा पारेका प्रति दुःखसमेत व्यक्त गरे।

नियोगले गत हप्तादेखि जारी गरेको ह्वाट्सएप सुविधालाई लक्षित गर्दै राहदानीका लागि पठाइएको म्यासेजको जबाफ नपाएको भन्दै वक्ताहरूले असन्तुष्टि पोखे।

राजदूत कुनै दलको नभएर कतारमा रहेका नेपालीहरूको अभिभावक हुने हुँदा श्रमिकका समस्या चुस्त रूपमा समाधान गर्नका लागि कदम बढाउन सुझाव दिए। कतारमा रहेको नेपालीको जनसंख्याका आधारमा राहदानी जारी गर्न राजदूतमार्फत परराष्ट्रमन्त्रीको ध्यानाकर्षण गराउँदै दूतावासले समाधान गर्न नसकेका श्रमिकको समस्या कतारमा रहेको मानवअधिकारलाई रिफर गर्नसमेत उनीहरूले सुझाव दिए।

कतारका अमिरको नेपाल भ्रमणका क्रममा नेपाल सरकार र अमिरबीच भएका २ वटा सम्झौता र ६ वटा सहमतिलाई फलोअप गर्न अनुरोध गर्दै वैदेशिक लगानी नेपालमा भित्र्याउन पहल गर्न राजदूतलाई अनुरोध गरे। नेपालबाट दक्ष जनशक्ति कतारमा भित्र्याउन र कतारका अस्पतालमा जीवन र मृत्युको दोसाँधमा रहेका बिरामीलाई नेपाल लैजान सहजीकरण गर्ने कार्यमा दूतावास चुकिरहेको वक्ताहरूको भनाइ थियो।

कतारमा फ्रि भिसाका नाममा लाखौं असुली हुने गरेको प्रति चिन्ता व्यक्त गरे। दूतावासमा खराब शीर्षकमा उजुरी परेका कुनै पनि कम्पनीको डिमान्ड पुनः स्वीकृति नगर्न सुझाव दिए। उनीहरूले दूतावासले पटकपटक केस परेका कम्पनीको पनि डिमान्ड स्वीकृत हुने गरेको प्रति रोष व्यक्त गरे।

नेपाली दूतावासले छिटो कल्चरल हाउस खोल्न सके हप्तैपिच्छे बाहिरिने लाखौं रुपैयाँ नेपालमा भित्रिने हुँदा कल्चरल हाउसको आवश्यकतालाई प्राथमिकता दिन सुझाव दिए। जेलमा रहेका नेपालीहरूलाई नेपाल फर्कन सबै किसिमको सहयोग गर्न दूतावास अग्रसर नभएको पनि उनीहरूले गुनासो गरे।

कतारमा नेपाली विद्यालयको व्यवस्थासहित कतारका युनिभर्सिटीमा नेपाली विद्यार्थीहरूका लागि छात्रवृत्तिको पहल गर्न उनीहरुले आग्रह गरेका थिए। कतारमा 'म सीआईडीको मान्छे हुँ' भन्दै गुण्डागर्दी गर्ने, धम्की दिने तथा ठग्ने कार्य भइरहेको हुँदै त्यसलाई रोक्न र त्यस्ताविरुद्ध उजुरी परेमा दूतावासले आवश्यक कारबाही गर्न हिचकिचाउन नहुने बताउँदै कतिपय तराईवासीलाई भाषामा समस्या पर्ने गरेको हुँदा सहजीकरण गरिदिन आग्रह गरे।

दूतावासभित्र पनी नहुने र आसपास पनि फोटोकपी र प्रिन्ट गर्न स्थान नहुँदा दूतावास बाहिरका बिचौलिया सोझा नेपाली ठग्ने गरेको बताउँदै फोटोकपी मेसिन राख्न आग्रह गरे। कतारमा जन्मिएका बच्चाहरूलाई राहदानीका लागि कानुनी सहजीकरण प्रभावकारी नभएको प्रति अभिभावकहरूले चिन्ता व्यक्त गरे।

कतारमा कानुनी लडाइँका लागि श्रमिकलाई चर्को शुल्क लाग्ने हुँदा न्यूनतम शुल्कमा कानुनी व्यवसायीको व्यवस्था दूतावासले गर्न सके र दूतावासमा आवश्यकताअनुसार पीआरओ थप्न पनि सुझाव दिए। वक्ताहरूले नेपाली दूतावाससँग साक्षात्कार कार्यक्रम निरन्तरताको आवश्यकता औंल्याए।

वक्ताहरूले जनप्रतिनिधिका रूपमा कार्यकारिणी भूमिका निर्वाह गरिसकेका व्यक्तिलाई हुँदा उक्त अनुभव कतारमा रहेका नेपालीहरूले महसुस गर्न पाइयोस् भन्दै कतारमा रहेका नेपालीहरूले कतारको कानुन र रीति रिवाजलाई सम्मान गर्न आग्रह गरे।

एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टको सभाध्यक्षता तथा राजदूत पौडेलकै प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा राजदूत पौडेलले आफ्नो कार्यकाल भर्खर सुरु भएको र परिचयात्मक कार्यक्रम भनेर बोलाइए पनि गुनासा र समस्याका चाङ सुन्दा अलिक अप्ठ्यारो महसुस भएको बताए। उनले प्रत्येक समस्या र गुनासालाई समाधान गर्न आफूले पहल गर्ने बताउँदै दूतावास भनेको राजदूतको वान म्यान आर्मी नहुने हुँदा सबैसँग सहकार्य गरेर अगाडि बढ्ने बताए।

उनले पासपोर्ट भनेको विदेशमा नेपालीको परिचयपत्र रहेको हुँदा यो समस्यालाई सम्बोधन गर्दै जाने बताए। कुनै पनि नेपाली पासपोर्टका कारण कुनै पनि अधिकारबाट बञ्चित हुनु हुँदैन भन्नेतर्फ आफू सचेत रहेको बताए।

एनसीसी कतारका प्रथम उपाध्यक्ष कृष्ण पन्थीले स्वागत मन्तव्य राखेको कार्यक्रममा सभापति र प्रमुख अतिथिबाहेक अन्यलाई एकमुष्ट आसन ग्रहण गराइएको थियो। महासचिव रबिन मगरले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भट्टले श्रमिकका समस्या समाधानका लागि एनसीसी कतार सदैव साथमा रहेको प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रममा आफ्ना विचार राखेर हलबाट बाहिरिने प्रवृत्ति पनि कतारका नेपाली समाजका अग्रज तथा संस्था प्रमुखले सुधार्न सुझाव दिए। कार्यक्रममा कतारमा स्थापित ६ दर्जनभन्दा बढी संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिलगायतको उपस्थिति थियो।

**इजरायलका...**

वैदेशिक रोजगार विभागले शुक्रबार जनाएको छ।

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार अर्थात् (केयर गिभर)को रोजगारीमा जान छनोट भएकाहरूले स्वास्थ्य परीक्षण गराउनुपर्ने जनाएको छ।

उनीहरूले १७ देखि २३ पुससम्म स्वास्थ्य परीक्षण गराउनुपर्ने विभागले जनाएको छ। नेपालले गत ९ कात्तिकमा नेपाली कामदार इजरायल नपठाउने निर्णय गरेको थियो। इजरायलले नेपालबाट २ हजार केयर गिभर लैजान लागेको छ तर इजरायलमा लडाइँ चर्केपछि छनोट भएकाहरू लामो समयदेखि उडानको प्रतीक्षामा छन्।

इजरायल जान केयर गिभरका लागि २ हजार ११२ जना नेपाली श्रमिक छनोट भएका छन्। त्यसमा १ हजार १५६ महिला र पुरुष ९५६ जना छन्। तीमध्ये पहिलो चरणमा १ हजार जना र बाँकी दोस्रो चरणमा नेपाली लैजाने बताएको छ।

तर, समयमै नेपालबाट इजरायल पठाउने काम हुन नसक्दा इजरायलको आकर्षक तलबको रोजगारी कतिपयका लागि ठगी गर्ने माध्यम पनि बनेको देखिएको छ। इजरायलले नेपालसहित थाइल्यान्ड, फिलिपिन्स, चीन, भारत र श्रीलंकाबाट कामदार लगिरहेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले नेपाललाई कामदारको स्रोत मुलुकका रूपमा राख्न आग्रह गरेका छन्।

**विदेश...**

डिपेन्डेन्ट भिसामा कोरिया लैजाने भन्दै रकम जम्मा गर्न लगाएर सम्पर्कविहीन भएका थिए। उनलाई प्रहरीले बाँसबारीबाट पक्राउ गरेको हो।

यस्तै, आकर्षक तलब सुविधाको वैदेशिक रोजगारीमा म्यासेडोनिया पठाउने प्रलोभनमा ठगी गरेको उजुरीका आधारमा प्रहरीले अर्का १ जनालाई पक्राउ गरेको छ। प्रहरीले खोटाङ केपीलासगढी गाउँपालिका घर भई काठमाडौं महानगरपालिका, चन्डोल बस्ने २८ वर्षीया चिना कोयी राईलाई पक्राउ गरेको हो।

उनले वैदेशिक रोजगारीमा म्यासेडोनिया पठाइदिन्छु भन्दै २ जनाबाट १२ लाख ९१ हजार रुपैयाँ लिई ठगी गरेको उजुरी परेको थियो। राईलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल काठमाडौं पठाइएको प्रहरीले बताएको छ।

**दक्षिण...**

गरिनुपर्छ। यसका लागि १८० दिनको समय लाग्न सक्छ। अदालतले यस महाभियोगलाई कायम राख्ने वा खारेज गर्ने निर्णय गर्न सक्छ।

यसअघि निलम्बित राष्ट्रपति येओलकै विषय संवैधानिक अदालतमा अघि बढेको छैन।

नेपालीहरूको श्रम गन्तव्यका रूपमा रहेको दक्षिण कोरियामा आएको पछिल्लो राजनीतिक संकटले त्यहाँ कार्यरत नेपाली श्रमिकहरूलाई कस्तो प्रभाव पार्ला भन्ने चिन्ता भएको वैदेशिक रोजगारका जानकारहरू बताउँछन्। दक्षिण कोरिया केही समययता नेपाली कामदारको आकर्षक श्रम गन्तव्यमा पर्ने गरेको छ।

# गाउँपालिका, नगरपालिका र जिससका प्रतिनिधिद्वारा प्रधानमन्त्रीलाई ध्यानाकर्षण

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीलाई गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, नेपाल नगरपालिका संघ र जिल्ला समन्वय समिति महासंघले कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनजस्ता विषयमा छलफल गर्नुपर्नेलगायत सात सूत्रीय ध्यानाकर्षणपत्र बुझाएको छ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष लक्ष्मीदेवी पाण्डे, नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगाना, जिल्ला समन्वय समिति महासंघका अध्यक्ष अशोककुमार घिमिरेसहितले ध्यानाकर्षणपत्र बुझाएका हुन्।

प्रधानमन्त्रीको अध्यक्षतामा रहेको समन्वय परिषद्को दोस्रो बैठक गत २०८० माघ २४ गते पश्चात् नबसेकाले अघिल्लो बैठकमा पेस भइ निर्णय हुन बाँकी रहेका विषयवस्तुमा छलफल हुनुपर्ने माग गरिएको छ।

यस्तै समानीकरण अनुदान कटौती नगर्न, स्थानीय सरकारलाई वित्तीय हस्तान्तरणको आरका वृद्धि गर्न, राष्ट्रिय भूमि आयोगका काम छिटो सम्पादन गराउन र जिल्ला समन्वय समितिलाई स्रोतसाधन सम्पन्न बनाउन पनि प्रधानमन्त्रीलाई आग्रह गरिएको छ।

प्रधानमन्त्री ओलीले संविधानबमोजिम स्थानीय सरकारलाई अधिकार दिन र स्रोतले भ्याएसम्म बजेटको उचित प्रबन्ध गर्न सरकार प्रतिबद्ध रहेको बताएका थिए।

# विज्ञापन बजारलाई चलायमान बनाउने आनको निष्कर्ष



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ पुस

नेपाल विज्ञापन संघ(आन)ले विज्ञापन बजारलाई चलायमान बनाउने निष्कर्ष निकालेको छ। संघको शुक्रबार सम्पन्न २५औं वार्षिक साधारणसभाले उक्त निष्कर्ष निकालेको हो।

नेपाली आमसञ्चार क्षेत्रको पहिलो औद्योगिक संगठन आनले शुक्रबार विज्ञापनदाता, मिडिया, नियामक निकाय तथा विज्ञापन एजेन्सीहरू लगायत विज्ञापन चक्रका सम्बद्ध सबै पक्षहरुलाई संलग्न गराइ दुई वटा विशेष कार्यक्रमसहित आफ्नो २५औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ।

काठमाडौंको ताहाचलस्थित होटल हायात प्लेसमा भएको कार्यक्रमको पहिलो बन्द सत्रमा संघको वर्तमान कार्य समितिकातर्फबाट महासचिव तथा कोषाध्यक्षबाट छुट्टा-छुट्टै वार्षिक, आर्थिक तथा आगामी आर्थिक वर्षको कार्यक्रम र अनुमानित आय-व्यय विवरणहरु प्रस्तुत भएको थियो। उक्त विवरणहरु बहुमतले पारित गरेको छ।

यस्तै दोस्रो सत्रमा 'स्टेइंग रेलिभेन्ट: रिसेपिंग नेपाल्स एड्भटाइजिङ ल्याण्डस्केप' शिर्षकमा बृहत् अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ।

विज्ञापन उत्पादक, पत्रकार तथा प्रस्तुतकर्ता भुषण दाहालको समन्वयमा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, नेपाल उद्योग परिसंघका उपाध्यक्ष रोहित गुप्ता, नेपाल चेम्बर अफ कमर्शका कमलेश अग्रवाल, मिडिया एलायन्स नेपालका अध्यक्ष भाष्कर राज राजकर्णिकार, हिमालय टेलिभिजनका अध्यक्ष धर्म भुषाल तथा नेपाल विज्ञापन संघका अध्यक्ष सुदिप थापाले आ-आफ्नो धारणा राखेका थिए। त्यस्तै, बरिष्ठ विज्ञापन व्यवसायी रञ्जित आचार्यले राष्ट्रिय सामाजिक तथा आर्थिक परिप्रेक्षमा विज्ञापन तथा समग्र मिडिया उद्योगको वर्तमान अवस्थाको चित्रण गरेका थिए।

कार्यक्रमको अन्त्यमा विज्ञापन व्यवसायी तथा मिडियाहरू समय सापेक्षिक रूपमा परिष्कृत हुनुपर्ने, विज्ञापनदाताहरूले पनि विज्ञापनलाई खर्च भन्दा लगानीको रूपमा लिनुपर्ने र विज्ञापनले मिडियाहरूलाई आर्थिक आत्मनिर्भर बनाउने हुँदा मिडियाहरूले पनि विज्ञापनदाता र लक्षित समूहलाई आकर्षक हुने सामग्री प्रस्तुत गर्नुपर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। साथै, जनस्वास्थ ऐन, क्लिन फिड नीति लगायत विज्ञापनलाई बन्देज गर्ने कानूनहरूलाई समेत पुनःविचार गर्न सम्बद्ध सबै पक्षहरूले आ-आफ्नो क्षेत्रबाट आवश्यक पहल गर्ने निष्कर्ष र प्रतिबद्धता व्यक्त गरिएको थियो।

यस्तै तेस्रो सत्रमा बरिष्ठ सञ्चारकर्मीहरू यादव खरेल, भारती सिलवाल गिरी, ईमेज च्यानलका अध्यक्ष आरके मानन्धर, कामना प्रकाशन समूहका संस्थापक अध्यक्ष स्व.पुष्करलाल श्रेष्ठ तथा कृष्ण पाउरोटीका घनश्याम राजर्णिकारलाई योगदानको कदर गर्दै आन सम्मान प्रदान गरिएको थियो। वर्षेनी एड फेष्टको अवसरमा थाइल्याण्डमा आयोजना हुने योग लोटस वर्कशप सन् २०२४मा नेपालको प्रतिनिधित्व गरी अष्ट्रेलिया लगायत एशिया प्रशान्त क्षेत्रका १८ विज्ञापन बजार हरूका प्रतिनिधिहरूबीच भएको प्रतिस्पर्धामा उत्कृष्ट पाँचभित्र पर्न सफल प्रशन्न श्रेष्ठ र साइष्मा घिमिरेलाई पनि प्रशंसापत्र प्रदान गरिएको थियो।

# मेयरलाई कारबाहीको माग राख्दै प्रदर्शन



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ पुस

रौतहटको दक्षिणी भेग बौधीमाई नगरपालिकाका मेयर प्रदिप यादवलाई कारबाहीको माग गर्दै स्थानीयहरु आन्दोलनमा उत्रिएका छन्। बिना सूचना जनताको घर भत्काएको भन्दै मेयर यादवलाई कारबाहीको माग गर्दै स्थानीयहरुले प्रहरी चौकी घेराउ गरेका हुन्।

बौद्धिमाई नगरपालिका सरमुजवाका स्थानीयहरूले बंकुल प्रहरी चौकी घेराउ गर्दै मेयर यादवलाई कारबाहीको माग र पक्राउ परेका गंगा रामलाई रिहा गर्न माग गरेका छन्।

दुईदिन अगाडि बिना सूचना सरमुजवा गाउँस्थित घर भत्काउन थालेपछि आक्रोशित स्थानीयहरूले मेयर यादवलाई त्यहाँबाट लखेटेर भगाएका थिए। उक्त घटनापछि मेयर यादवले प्रहरीलाई दबाब दिएर रामलाई बिना कारण पक्राउ गराएका स्थानीयको भनाइ छ।

कुनै सूचना बिना गुण्डागर्दी शैलीमा जनताको घर भत्काउने मेयरलाई कारबाही गर्नुको सट्टा निर्दोष व्यक्ति गंगा रामलाई गिरफ्तार गर्नु अत्याचार भएको भन्दै सयौंको संख्यामा आन्दोलित स्थानीयहरू प्रहरीविरुद्ध सडकमा उत्रिएको स्थानीय समाजसेवी श्रीभगवान पटेलले जानकारी दिए। बौधिमाईका मेयर यादवका अनुसार सरमुजवा दुर्गा मन्दिरदेखि पश्चिम गाउँसम्म बाटो र सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका १ दर्जन बढी घरटहरा गत मंसिर मसान्तभित्र हटाउन जेठ महिनामै स्थानीय प्रशासनको रोहवरमा लिखित सहमति भएको थियो।

सहमति अनुसार मंसिर मसान्तभित्र कसैले पनि घरटहरा नहटाउँदा बाध्य भएर दुई दिन अगाडि डोजरसहित स्थलगत पुग्दा घरधनीहरु एक्कासी ढुंगामुढा प्रहार गरेका थिए। ढुंगामुढाबाट दुईजना कर्मचारीको टाउकोमा चोट लाग्नुका साथै कयौंलाई चोटपटक र डोजरको सम्पूर्ण सिसा फुटेको मेयर यादवले बताए। उजुरीको आधारमा प्रहरीले गंगारामलाई पक्राउ गरेको तथा अन्य फरार रहेका मेयर यादवले बताए। दुर्गा मन्दिरदेखि सरमुजवा गाउँसम्म ढल तथा नाला निर्माणको लागि करिब अढाई करोडको केन्द्रीय योजना परेको छ। यस महिनाभित्र सडक तथा सार्वजनिक जग्गामा बनेका घर टहरा खाली नभएमा सिंगो योजना फ्रिज हुने मेयर यादवले बताए।

# भृकुटीमण्डपमा जुत्ता चप्पलको बम्पर सेल मेला

**काठमाडौं/मस-** काठमाडौंको भृकुटीमण्डपमा जुत्ता चप्पलको बम्पर सेल मेला लागेको छ। स्वदेशी तथा विदेशी कम्पनीका दुई दर्जन कम्पनीले उत्पादन गर्ने विभिन्न डिजाईनका जुत्ता चप्पलको सेल मेला लागेको हो।




स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्न र प्रवर्द्धन गर्ने उद्देश्यका साथ जाडो मौसमलाई लक्षित गरी बम्बर मेला आयोजना गरिएको मेलामा संयोजक डिल्ली सुवेदीले बताए। उनले भने 'मेलामा पाँच हजारभन्दा बढी डिजाइन र फरक-फरक आकार प्रकार र उच्च गुणस्तरका जुत्ता चप्पलहरू राखिएको छ। मेलामा आएका हरेक खरिदकर्तालाई प्रत्येक जोर जुत्ताको मूल्यमा न्यूनतम १५ देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था छ।'

यो वर्षको जाडो मौसमलाई मध्यनजर गर्दै स्पोर्टस् सुजका साथै छालाका आकर्षक, गुणस्तरीय, भरपर्दो र टिकाउ किसिमका जुत्ता र चप्पलहरू मेलामा रहेको उनले बताए। नेपाल र विदेशी कच्चा सामग्रीको प्रयोग गरिएका सबैजसो जुत्ताहरू मेलामा राखिएको छ। उनका अनुसार दुई दर्जन बढी उद्योगबाट उत्पादित जुत्ता चप्पलको यो मेलाले नेपालका जुत्ता तथा चप्पल उद्यमी, व्यापार र व्यवसायमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लाभ दिने छ भने उपभोक्तालाई सहज रूपमा सस्तो मुल्यमा एकै ठाउँमा आफूले रोजेको जुत्ता चप्पल खरिद गर्न सक्नेछन्।

जुत्ता र चप्पलमा मुलुकलाई आत्मनिर्भर बनाउने यो व्यवसायलाई संरक्षण प्रवर्द्धन र विस्तार गर्न बम्पर सेल मेलामा गरिएको आयोजकले जनाएको छ। मेलामा बालकदेखि वृद्धसम्म, युवा र युवतीहरूका लागि आरामदायी, आकर्षक टिकाउ हुने स्वदेशी र विदेशी जुत्ता चप्पल समेत मेलामा रहेको आयोजकको भनाइ छ।

# माडी गाउँपालिकाको नवनिर्मित भवन उद्घाटन हुँदै

**सूर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १२ पुस



माडी गाउँपालिका रोल्पाको नवनिर्मित भवन उद्घाटन हुने भएको छ। शनिबार एक औपचारिक कार्यक्रम समारोहबीच गाउँपालिकाको प्रशासकीय भवनको उद्घाटन गर्न लागिएको हो। माडी गाउँपालिकाको आयोजनामा 'कृषि, पशुपन्छी, जडिबुटी र दिगो पूर्वाधार,समृद्ध माडीको आधार' भन्ने मूल नाराको साथ शनिबार बिहान ११ बजे नवनिर्मित भवनको उद्घाटन गरिने माडी गाउँपालिकाका अध्यक्ष अमरसिंह घर्तीमगरले जानकारी दिएका छन्। भवन उद्घाटन समारोहमा प्रतिनिधिसभा सांसद तथा नेपाल सरकारका निवर्तमान अर्थ मन्त्री वर्षमान पुन प्रमुख अतिथि रहेछन्। यस्तै प्रतिनिधि सभा सांसद ईश्वरी जिएम, लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्री तथा लुम्बिनी प्रदेश सभा सांसद जोख बहादुर महरा र लुम्बिनी प्रदेशका निवर्तमान स्वास्थ्य मन्त्री तथा लुम्बिनी प्रदेश सभा सांसद दिपेन्द्र कुमार पुन मगर लगायतको विशिष्ट आतिथ्यता रहने गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद गौतमले जानकारी दिए।

गौतमका अनुसार रोल्पा जिल्लाभित्रका स्थानीय तहका अध्यक्ष,उपाध्यक्ष,वडाध्यक्ष लगायत माडी गाउँपालिका भित्रका विभिन्न झाँकी समूहलाई कार्यक्रममा उपस्थित भइदिन समेत जानकारी गराइएको छ। भवन निर्माणका लागि पहिलो चरणमा गाउँपालिकाले २०७७ सालमा १ करोड ५० लाख बराबरको टेण्डर आह्वान गरेकोमा स्मृति विशाल कन्ट्रसनले भुँइतल्ला निर्माणका लागि ९६ लाखमा निर्माणको जिम्मा लिएको माडी गाउँपालिका पूर्वाधार शाखाका प्रमुख इन्जिनियर दिपेन्द्र घर्ती मगरले जानकारी दिए।

साथै भवन निर्माणका लागि २०७८ साल करिब एक वर्ष रोकिएको समेत घर्ती मगरको भनाइ छ। दोस्रो चरणको निर्माण कार्यको लागि २०७९ असार महिनामा रोयल कन्ट्रसन धनगढीले २०७९ असोज महिनादेखि तीन तल्ला निर्माणको काम सुरु गरेको समेत घर्ती मगरले बताए। भवन निर्माण स्मृति विशाल कन्ट्रसनको ९६ लाख तथा रोयल कन्ट्रसन धनगढीको ५ करोड ५१ लाख ७२ हजार ३ सय ५३ रुपियाँ गरी जम्मा ६ करोड ४७ लाख ७२ हजार ३ सय ५३ रुपियाँ बराबर लागतमा निर्माण भएको इन्जिनियर घर्ती मगरले बताए। भवन निर्माण २०८१ मंसिर महिनामा सम्पन्न भएको हो।

२०७४ देखि माडी गाउँपालिकाले माडी गाउँपालिका-२ घर्तीगाउँ बसपार्क अगाडि व्यक्तिको घरबाट अस्थायी रूपमा सेवा प्रदान गर्दै आएको थियो। गाउँपालिकाको आफ्नै प्रशासनिक भवनबाट सेवा विस्तार गरेसँगै भाँडा तिरेर सेवा प्रदान गर्ने समस्या अन्त्य भएको गाउँपालिकाको भनाइ रहेको छ।

# नेवाःदेय दबुको अध्यक्षमा श्रेष्ठ चयन

**विराटनगर/मस-**नेवाः समुदायको राष्ट्रिय संस्था नेवाः देय दबुको विराटनगर अध्यक्षमा अम्बर बहादुर श्रेष्ठ चयन भएका छन्। विराटनगर महानगर समितिको तेस्रो अधिवेशनले अम्बर सर्वसम्मत चयन भएका हुन्।

बंगलामुखी मन्दिरको प्राङ्गण झी पुचः मा सम्पन्न अधिवेशनले १३ जनाको कार्यसमिति गठन गरेको छ। समितिको वरिष्ठ उपाध्यक्षमा यादव प्रधान, उपाध्यक्ष (खुला)मा आशिष श्रेष्ठ, उपाध्यक्ष



(महिला)मा सरिता तुलाधर, सचिव (महिला) मा सिर्जना श्रेष्ठ, सचिव (खुला) मा सुनिल कुमार श्रेष्ठ, कोषाध्यक्षमा लक्ष्मी श्रेष्ठ चयन भएकी छन्।

'आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो।'

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००१/०१/०१

स्वर्गारोहण
वि.सं. २०८१/०९/०१

स्व. कमला देवी सिंह राजपुत

यस मध्यान्ह राष्ट्रिय दैनिकका सहकर्मी पत्रकार
सत्येन्द्र प्रताप सिंहकी ममतामयी आमा
कमला देवी सिंह राजपुतको
असामयिक स्वर्गारोहण भएको आज १३ दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सीतादेवी श्रेष्ठ
प्रकाशक

तथा

मदनकुमार श्रेष्ठ
सम्पादक

मध्यान्ह
Madhyanha National Daily

www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

# अनाथ, अपाङ्गता र दलित विद्यार्थीको ट्युसन शुल्क वडाले व्यहोर्ने




**बझाङ/मस-** बझाङको मष्टा गाउँपालिका वडा नम्बर १ ले वडाभित्रका एसईईको ट्युसन पढ्ने अनाथ, अपाङ्गता भएका र दलित विद्यार्थीको ट्युसन शुल्क व्यहोर्ने भएको छ। एसईईको ट्युसन पढ्दा विद्यार्थीले ट्युसन सेन्टरमा बुझाउनुपर्ने कुनै एक विषयको ४ महिनाको शुल्क वडाले तिरिदिने भएको हो।

एसईईको ट्यूसन पढ्ने १३ जना अनाथ, अपाङ्गता भएका र दलित विद्यार्थीको ट्युसन शुल्क व्यहोर्ने गरी वडा कार्यालय र कलास इन्स्टिच्युटबीच सम्झौता भएको छ। वडाभरिका एसईईको ट्यूसन पढ्दै गरेका अनाथ, अपाङ्गता भएका र दलित विद्यार्थीको एक विषयको शुल्क वडा कार्यालयले व्यहोर्ने गरी बिहीबार सम्झौता भएको मष्टा गाउँपालिका-१ का वडाध्यक्ष रामचन्द्र रोकायाले जानकारी दिए।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०९/०४ मा दर्ता भएको **प्रा.लि. नं. १२९८०२** को **एलाइड होटल प्रा.लि.** को मिति २०८१/०९/१२ गतेमा सम्पन्न एकल शेयरधनी विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**VACANCY ANNOUNCEMENT**

China Greatwall Health Center (Hospital) Pvt. Ltd. required national and international candidates having knowledge of followint expertise:

**Doctor - Surgery (Minimal Invasive Surgery)**

- At list 10 years experience of related field.
- Registered in his/her country of Medical council.
- Expert candidate can be apply.
- Selected candidate will inform.

Deadline of submission of Application is 15 days of Announcement.
**28th December 2024 to 11th January 2025.**

**Email : greatwallchina0@gmail.com**

**युएईमा रोजगार**

**कम्पनी** : APEX EMPLOYMENT SERVICES — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ — चलानी नं.: ६०२३०४४८ — LT. No.: 316202

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Male) | 10 | 0 | स. काममा दक्ष | 800 | २९,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी** : APEX ALWATANIAH CATERING SERVICES LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ — चलानी नं.: ६०२३०४४९ — LT. No.: 316204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Confectioner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Assistant | 20 | 0 | | 900 | ३३,३५४ | | | | | | | |
| 3. | Kitchen Helper | 15 | 0 | | 1000 | ३७,०६० | | | | | | | |
| 4. | Male Cleaner | 50 | 0 | | 900 | ३३,३५४ | | | | | | | |
| 5. | Office Boy | 15 | 0 | | 1000 | ३७,०६० | | | | | | | |
| 6. | Porter | 15 | 0 | | 900 | ३३,३५४ | | | | | | | |
| 7. | Resturant Worker. | 10 | 0 | | 1000 | ३७,०६० | | | | | | | |
| 8. | Room Boy | 15 | 0 | | 1000 | ३७,०६० | | | | | | | |
| 9. | Waiter | 30 | 0 | | 1600 | ५९,२९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

RELIABLE MANPOWER RECRUITMENT PVT LTD — Lic. No: 1728/081/082
Sinamangal-09, Kathmandu, Nepal, Tel: 015922931/015922932/015922934
Email: reception@reliablemanpowernepal.com, Website: www.reliablemanpowernepal.com

## कथा

# उसको अनौठो प्रश्न

*अन्ततः उसको कोठामा नगई सुखै दिइन मलाई । पहिलो पटक उसको कोठामा गएँ म । अलिक फरक हाउभाउ प्रस्तुत गरी अरू दिनभन्दा । नरमाइलो मानी...*



■ विदुर दाहाल

*अविवाहित केटाहरू मनपर्दैन रे उसलाई । विवाह गर्न कर गर्छन् रे ! छिटो आवेगमा आउँछन् । झनक्क रिसाउँछन् । 'विदेशमा श्रीमान् हुँदाहुँदै विवाह गर्न सक्दिनँ । मिल्छ त ?', मलाई पो प्रश्न गरी उसले...*

बढ्दै गएको जाडो र धुलोलाई छल्न ज्याकेट, पन्जा, मास्क र चस्मा लगाएर ठीक ४ बजे अफिसबाट घर फर्किएँ म । सडक किनारा र बस बिसौनीमा अफिस समय भएर होला, मानिसहरूको भीडभाड बाक्लो छ ।

बाइक स्पिडमा कुदाउँदिनँ म । कम स्पिडमा दौडाउने हुँदा देब्रे साइड च्यापेर चलाउँछु । सडक किनाराका मानिस कहिलेकाहीँ रोक्न हात दिन्छन् । महिला र पुरुष विभेद नगरी रोकेर आफ्नो रुट परेको ठाउँसम्म लगिदिन्छु । धन्यवाद पाएको छु धेरैबाट ।

बिदाका दिनबाहेकको एउटै रुटिन छ मेरो । घर-अफिस, अफिस-घर । घर फर्किंदा बानेश्वरमा एक जना युवतीले बाइक रोक्न इसारा गरी । रोकेँ मैले । 'कतासम्म जानु हुन्छ ?', मुस्काउँदै भनी उसले ।

'कोटेश्वर छोड्दिनु न, सार्वजनिक गाडी टेकी नसक्नु छ । पठाओ तथा इनड्राइभ दैनिक रूपमा प्रयोग गर्न खर्चिलो छ । सक्दिनँ पनि । लगिदिनु हुन्छ मलाई ?' प्रश्न खस्न नपाउँदै 'हुन्छ' भनिदिएँ । सोच्दै सोचिनँ । बाइक चढी ऊ ।

मलाई अलिक असजिलो लाग्यो । श्रीमतीझैँ जीउमा टाँसिएर बसी मोरी ! 'के खालकी केटी ! चाला ठीक छैन कि क्या हो ?', मनमनै सोचेँ ।

सामान्य परिचय मागेँ उसको । 'नाम के हो ? अफिस छ कि के गर्नु हुन्छ ?' मेरा प्रश्नको फटाफट उत्तर दिई उसले । 'सहकारीमा पार्ट टाइम काम गर्छु । कोटेश्वर बस्छु । निकिता हो नाम ।'

रोकिदिएँ बाइक । झरेर गई आफ्नो गन्तव्यतिर ।

अर्को दिन पनि मलाई बानेश्वरमा भेटी, जुन ठाउँमा हिजो थिई, त्यहीँ रहिछे आज पनि ऊ । बाइक रोक्न इसारा गरी । रोकेँ मैले । बाइक चढेको केही समयपछि प्रश्न सोध्न खोजी मलाई । 'अन्यथा मान्नु हुन्न भने मात्र सोध्छु, नत्र सोध्दिनँ ।' सोध्न अनुमति दिएँ मैले ।

'तपाईं सेकेन्ड ह्यान्ड हो ? मेरो मतलब तपाईं विवाहित हो ?'

अक्मक्किएँ म । के भनौं के भनौं भयो । यस्तो प्रश्न अहिलेसम्म कसैले गरेकै थिएन । अचम्मै लाग्यो ।


'हो, म विवाहित हो ।'

उमेरले ४० भएको मान्छे विवाहित होइन भन्ने आँटै आएन । उसको प्रश्नको मक्सद बुझ्न सकिनँ । कुन कोणबाट सोधेकी हो भेउ पाइनँ । मेरो उत्तरले खुसी वा दुखी के भई ऊ, त्यो थाहा भएन । प्रश्नको उत्तर भने दिएँ र प्रतिप्रश्न उसैलाई गरेँ, 'मानिस पनि सेकेन्ड ह्यान्ड र फर्स्ट ह्यान्ड भन्ने हुन्छ र ?' हाँसी मात्र ऊ ।

'मेरै बाटो भएर सधैं आउजाउ गर्नुहुँदो रहेछ । मलाई कोटेश्वरसम्म छोडिदिनु हुन्छ नि !', अनुरोधको भाषामा प्रश्न गरी । हुन्छ भन्ने सहमति संकेत गर्दै टाउको हल्लाएँ मैले । हाँस्दै 'बाई सी यु सुन' भन्दै गई । बाटो पार नगरुन्जेल हेरेर बसें उसलाई ।

खै कता बेपत्ता भई २-४ दिन, भेटिनँ उसलाई । आफ्नै समयमा घर फर्किएँ । बाटो किनारामा थिइन ऊ । आफ्नै सुरमा हिँडें म । खासै महत्त्व दिइनँ उसलाई । तर, कताकता मनमा झस्का पस्यो । याद आयो ।

सधैं एउटै समयमा अफिसबाट घर निस्कन्छु । बानेश्वरमा मोटरसाइकल रोक्न हात दिई ४ दिनपछि आज । उही चिरपरिचित निकिता हो ऊ । पहिलेभन्दा अझ बढी खुलेर बोली मसँग । 'अरू दिनभन्दा फरक ड्रेसअप ! जाडो हुँदैन ?', जिस्क्याएँ मैले । सारी र ब्लाउजमा सजिएकी छ । झन् सुहाएको छ उसलाई । 'पार्टी थियो कि क्या हो ?' भनेर थपेँ । थिएन भन्ने सामान्य जबाफ दिई । थप सोधी खोजी गरिन मैले ।



बाइकबाट ओर्लने बेला कोठामा गएर चिया पिउन निम्तो गरी उसले । अर्को कुनै दिन भनेर तर्किएँ । खासमा म डराएँ ।

बेलाबेलामा आइरहने हनी ट्र्यापको समाचार सम्झिएँ । आफू पनि हनी ट्र्यापको फन्दामा परेको कल्पना गरें । बेस्सरी झस्किएँ । यदि त्यसो भए सबै कुरा बर्बाद हुन्छ । घर परिवार र अफिसमा बेइज्जत हुन्छ । कमाएको इज्जत र सम्पत्तिको स्वाहा हुन्छ ।

वनको बाघले खाला, नखाला, मनको बाघले खायो मलाई । जाती केटी होइन कि क्या हो ? रेस्टुरेन्टमा खाजा खाँदा कोठामा एक्लै बस्छु भनेको याद आयो मलाई । सजग हुनुपर्छ भन्यो अन्तरमनले आफैंलाई ।

धेरै दिन बाइक रोक्न हात दिई उसले । रोक्न अनुरोध गरेपछि नरोकी हिँड्न सकिनँ । केटी मान्छे देखेपछि केटा मान्छे पग्लन्छ भन्थे । हो रहेछ । ममा पनि त्यही नियम लागू भयो । सधैं गन्तव्यसम्म लगिदिएँ उसलाई । अलिक पछि उसले हात नदिए पनि आफैं रोक्न लागें । कोटेश्वरसम्म पुऱ्याउने दैनिकी नै भयो मेरो ।

धेरै दिनपछि ऊ आफ्नै जस्तो लाग्यो । जुन रूपमा उसलाई बुझ्न खोजेको थिएँ, त्यस्तो होइन रहेछ । महिनौंको संगतले ऊसँगको डर पूरै हरायो । एक्लोपन निवारण गर्न विश्वासिलो साथीको खोजीमा रहिछे ऊ । त्यो स्वाभाविक र प्राकृतिक कुरा लाग्यो मलाई । दोष उसको होइन । अरू गलत नियत नरहेको प्रस्ट बुझें मैले ।

अरू दिन जस्तै कोठामा गएर खाजा खान कर गरी उसले आज पनि । कोठामा होइन, रेस्टुरेन्टमा गएर खाजा खाने भनेँ । कोठामा जान तर्किएँ । 'कोठामा तिमीले खाजा बनाउनुपर्छ । गफै हुन्न । होइन र ?' भनें मैले । सहमत भई मेरो कुरामा । झन्डै १ घण्टाको रेस्टुरेन्ट बसाइमा आफ्नो बेलिबिस्तार लगाई उसले ।

'सासू-ससुराको दैनिक कचकच । पढेलेखेकी मान्छे, घाँस-दाउरा गरेर गाउँमा बसी भनेर खिस्याउने कम भएनन् मलाई ! आत्मग्लानि भयो । अनुत्पादक काममा जीवन बितेको अनुभूति भयो । श्रीमान् विदेशमा । निरस जीवन बिताएर गाउँमा बस्न सकिनँ । यो मेरो कमजोरी पनि हुन सक्छ । त्यसै भएर शहर आएँ । तपाईंसँग भेट भयो', उसले एकै सासमा भनी ।

अविवाहित केटाहरू मनपर्दैन रे उसलाई । विवाह गर्न कर गर्छन् रे ! छिटो आवेगमा आउँछन् । झनक्क रिसाउँछन् । 'विदेशमा श्रीमान् हुँदाहुँदै विवाह गर्न सक्दिनँ । मिल्छ त ?', मलाई पो प्रश्न गरी उसले ।

खासमा विवाहित पुरुषलाई साथी बनाउन चाहेकी रहिछ । बल्ल उसले पहिले सोधेको प्रश्नको मक्सद बुझें मैले ।

मलाई भेटेर खुसी लाग्यो रे उसलाई । ऊ भन्दै गई, म सुन्दै गएँ । 'लाइफ शेयर गर्ने र जीवनसाथी बन्ने होइन, घुम्ने र रम्ने साथी बन्न सक्नु हुन्छ तपाईं', उसले भनी । यति प्रस्ट आइमाई मान्छे अहिलेसम्म भेटेकै थिइनँ मैले । पश्चिमा जगत्की स्वच्छन्द महिलाझैं लाग्यो मलाई ऊ ।

अचम्मकी रहिछ । सोचेभन्दा फरक । खाजा खाएको र चिया पिएको पैसा पटक-पटक उसैले तिरी । मलाई तिर्नै दिइन । केटा मान्छेको खाने र पैसा खर्च गराउने खालकी होइन रहिछ । अरू महिलाभन्दा बिलकुलै भिन्न । बिल तिर्छु भन्दा 'पछि तिर्नु होला, अहिले म तिर्छु' भन्थी । पैसा दिन लागेका मेरा हात पटक-पटक समाई उसले । यसरी नै दिन र महिनाहरू बित्दै गए ।

अन्ततः उसको कोठामा नगई सुखै दिइन मलाई । पहिलो पटक उसको कोठामा गएँ म । अलिक फरक हाउभाउ प्रस्तुत गरी अरू दिनभन्दा । नरमाइलो मानी । 'मेरो भिसा लाग्यो । केही दिनपछि विदेश जाँदै छु । श्रीमान्सँगै हुने छु' भन्दै असल साथी बन्नेकामा धन्यवाद दिई मलाई ।

मैले पनि विदेश यात्राको शुभकामना र बधाई दिएँ उसलाई । 'विदेश गए पनि नबिर्सनू है !' भनें । रोई ऊ । परिचित मान्छे टाढा हुन लाग्दा नरमाइलो लाग्यो मलाई ।

# मरौको सरौ

लघुकथा



■ ओम बस्नेत

'काँन्छोलाई बोलाइदेऊ न । नातिनीलाई पनि हेर्छु' भनेर मृत्यु शयचामै पुगेकी दोकाने अजीले अन्तिम इच्छा जाहेर गरिन् ।

जेठो छोरोले मूलघर सम्हालेर बसेको छ । गाउँमै पैतृक पसल चलाउँछ । कान्छो शहरमा जागिरे । दुवैका एक/एकवटी छोरी छन् ।

'कान्छा, घर आइज न हौ ! आमाको घिडघिडो छ तँलाई हेर्ने । दबाइको पर्ची पनि ह्वाट्सएप गरेको छु, त्यो पनि लिएर आइज है भाइ !' भनेर फोन गऱ्यो । कान्छाको उत्तरको वास्ता नगरी फ़ोन काटच्यो । उताबाट 'मेरो छुट्टी ...' भन्दै थियो तर वाक्य पूरा गर्न पाएन ।

बेलुकी घर आइपुग्यो श्रीमती र छोरी लिएर ।

'अब मलाई यो अंग्रेजी दबाइ नगर । म पचाउनु सक्दिनँ ब्वारी' भनेर दिक्क मान्दै दोकाने अजीले भनिन् जेठी बुहारीलाई । यो सुनेर कान्छाले बिरामी आमाको सातो खायो, 'तपाईंलाई थाहा छ ? यो कति हजारको दबाइ हो ? यसरी खान्नँ भनेर हुन्छ ?'

यस्तो वचन सुन्दा आँखाभरि आँसु छचल्कियो आमाको । असलमा बूढीआमाले चाहेको चाहिँ छोरो नजिक बसोस्, आफ्नै हातले दबाइ-पानी गरोस् भन्ने हो तर कान्छोले के बुझ्थ्यो र !

*यस्तो वचन सुन्दा आँखाभरि आँसु छचल्कियो आमाको । असलमा बूढीआमाले चाहेको चाहिँ छोरो नजिक बसोस्, आफ्नै हातले दबाइ-पानी गरोस् भन्ने हो तर कान्छोले के बुझ्थ्यो र !*

केही दिनमा अजीको चोला उठ्यो । कान्छाकी १३ वर्षकी र जेठाकी १५ वर्षकी छोरीहरूले रोएर घात गरे । दिदी-बहिनी असाध्य मिल्थे ।

अन्त्येष्टिको भोलिपल्ट सरौको ढवाङ फोरे । सबै तिरोतारो गरेर ४५ हजार बचेछ । त्यो पैसा बोकेर हिँड्न खोज्यो कान्छो । 'यो पैसा त दुई भाइबीचमा बराबरी हुनुपर्छ' भन्यो जेठोले तर भाइले मानेन, 'मेरो अफिसका साथीहरूले बेसी सरौ हालेका छन् । यसमा मेरो अधिकार लाग्छ' भन्यो ।


छक्क पऱ्यो जेठो । कान्छी बुहारीले छोरीलाई तानेर बाहिर ल्याई तर छोरी रुनु थाली, 'नाइँ, म दिदीसँग बस्छु, घर जान्नँ' भनेर लडीबुडी गर्न थाली ।

जेठाको चित्त बुझेन । गाउँका बूढापाका बटुलेर ल्यायो । छलफल भयो । आखिरमा मरौको सरौ बराबरी भयो । जेठाकी छोरीले भनी, 'बाबा ! सबै पैसा काकालाई दिनुस्, बैनी हामीसँग बस्छु भन्दै छ, म बैनीलाई राख्छु ।'

सानीले पनि 'ठूलोबाबा ! म तपाईंहरूसँग बस्छु । म पछि धेरै पैसा कमाएर तपाईंलाई दिन्छु । त्यो पैसा सबै बाबालाई दिएर पठाइदिनुस्' भनी । जेठाको मन कटक्क खायो र सानीलाई अँगाल्यो । कान्छोले के सोच्यो कुन्नि, 'दाइ ! यो पैसालाई त बरु वृद्धाश्रममा दान गर्दा कसो होला ?' भन्यो । जेठा खिस्स हाँस्यो ।

## कविता

### लौरो



सुप्रिया अधिकारी

'ए बा ! ए आमा ! पख्नुस् न !'
भन्दै अघिपछि हिँड्थें हिजोसम्म
तर आज
मेरो घर सुनसान भएको छ ।

'रातभर रातैको शासन'
भन्दै बिहानै पछ्याउँथें हिजोसम्म
तर आज
मेरो घर सुनसान भएको छ ।

'सुनौलो बिहानी र साथ'
भन्दै मख्ख हुन्थें हिजोसम्म
तर आज
मेरो घर सुनसान भएको छ ।

'एक्लै नछोड्नु न एक्लै हुन्छु'
भन्दै चौबाटोमै पुग्थें हिजोसम्म
तर आज
मेरो घर सुनसान भएको छ ।

'चकचके बादलले जून छेक्छ'
भन्दै साँझमा दायाँ-बायाँ पुग्थें हिजोसम्म
तर आज
मेरो घर सुनसान भएको छ ।

'अगाडि छंगाछुरको भिर छ'
भन्दै बाटो देखाउँथें हिजोसम्म
तर आज
मेरो घर सुनसान भएको छ ।

ए बा !
ए आमा !
चिसो सिरेटोले हान्यो
कसिंगरले आँखा भरियो
लौ न फर्की आउनुहोस्
आज
मेरो घर सुनसान भएको छ ।

## भावना



मेघराज भट्टराई

नेताले स्वतन्त्रताको महत्त्व नबुझेर दुःख पायौं
कार्यकर्ताले विवेक गुमाएर दुःख पायौं ।

पस्थ्यो पत्रिकाको कार्यालयमा सेना थर्काउँदै
त्यो अपमान आज हामीले बिर्सिएर दुःख पायौं ।

के बोल्ने, के लेख्ने, उसको आदेशमा चल्ने हामी
कर्तव्यबोध नभएर युवा शक्ति नबुझेर दुःख पायौं ।

घर के हो, पर के हो, पीडा भोगेका अग्रजलाई सोध
घरको मिठास, परिवारको माया नजानेर दुःख पायौं ।

समग्रलाई मूल्यांकन गर्नु हरेकभित्र दानव भएको
यो तीतो यथार्थलाई स्वीकार नगरेर दुःख पायौं ।

युद्ध देखेकालाई सोध युद्ध नदेखेका मानिस हो !
सुन्दर जहाँ उजाड भएको नेदेखेकाले दुःख पायौं ।

निरंकुश हैकमवाद लादेर मानिसको मुख थुन्ने
यो दृश्यको पीडा नबुझेका नेतृत्वले गर्दा दुःख पायौं ।

स्वतन्त्रता, सार्वभौमिकता हामी मानवको पहिलो यात्रा
लोभ, लालचको घैला भर्ने चाहनाले गर्दा दुःख पायौं ।

स्वाभिमान गुमेपछि मरेतुल्य जीवन हुन्छ मानवको
आत्मसम्मान के हो ? नबुझेपछि मानवले दुःख पायौं ।

## सिर्जना



राजनारायण राई

भुलेर जानेले पनि मलाई सम्झिन्छ रे कहिलेकाहीँ
सुनेको छु ऊ रोएर खाटमा ढल्किन्छ रे कहिलेकाहीँ

बितेका पल फर्की नआउने प्रकृतिको रीत हो
यति बुझे पनि उसले मलाई पर्खिन्छ रे कहिलेकाहीँ

छेउका बहुमूल्य वस्तु टाढै पुगेपछि नै बुझ्छन् सबै
यही भूल स्वीकार्दै धेरै ऊ तड्पिन्छ रे कहिलेकाहीँ

खोला-नाला कति हो कति बगे भनेर साध्य नै छैन
त्यति नै दोष मेरै भो भन्दै ऊ बम्किन्छ रे कहिलेकाहीँ

मनले नरुचेको मान्छे नै किन आज यसरी भयो प्रिय ?
सम्झेर ऊ आफैं आगो भई रन्किन्छ रे कहिलेकाहीँ ।

# डोल्पामा जिल्लास्तरीय युवा मानवअधिकार रक्षक संजाल गठन

**पूर्ण कुमार/मध्यान्ह**
डोल्पा, १२ पुस

हिमाली जिल्ला डोल्पामा जिल्लास्तरीय युवा मानवअधिकार रक्षक सञ्जाल गठन गरिएको छ । शुक्रबार सदरमुकाम दुनैस्थित सिद्धार्थ होटलमा एक औपचारिक कार्यक्रमका बीच तुफान डाँगीको अध्यक्षतामा जिल्लास्तरीय युवा मानव अधिकार रक्षक सञ्जाल गठन गरिएको हो ।

उपाध्यक्षमा हिरा वि.क, समावेसी उपाध्यक्षमा पवि शाही, महासचिवमा सन्देश नेपाली, सचिवमा मेनुका बुढा, सहसचिवमा लाल बहादुर बोहरा, कोषाध्यक्षमा लक्ष्मी थापासहित ३५ सदस्यीय युवा मानवअधिकार रक्षक सञ्जाल गठन गरिएको छ ।

यसैगरी जिल्ला युवा भेलामा सहभागी भएका नव-युवाहरूलाई मानव अधिकारसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम संचालन भएको छ स।




अभिमुखीकरण कार्यक्रममा मानवअधिकारको अवस्था र मानवअधिकार प्रवर्द्धन र संरक्षणका विषयमा मानवअधिकारकर्मी रणबहादुर कार्कीले सहजीकरण गरेका थिए । यस्तै मानवअधिकार रक्षक र भूमिका, काम कर्तव्य र अधिकारीको विषयमा पनि प्रस्तुतीकरण भएको थियो ।

गाउँ समाजमा हुने विकृति, कुरीति, मानवअधिकार उल्लंघनका विषयमा मानवअधिकार रक्षकले खबरदारी गर्नुका साथ सरोकारवाला निकायको ध्यानाकर्षण गराउनु पर्दछ । प्रमुख जिल्ला अधिकारी रोम बहादुर महतले मानवअधिकार रक्षक निष्पक्ष, अनुशासित र स्वतन्त्र हुनुपर्ने बताए । उनले भने, 'गाउँ समाजमा हुने विकृतिका विषयमा आवाज उठाउनुका साथै कानुनले व्यवस्था गरेका निकायमा खबर गर्नुपर्दछ ।'

ग्रामीणमुखी युवा अभियान नेपाल (रोयम नेपाल)का कर्णाली प्रदेश संयोजक सन्तोष विकले मानव अधिकारको विषयमा बोल्न र काम गर्नका लागि अध्ययनशील र निष्पक्ष हुनुपर्ने बताए । उनले भने, 'जिल्लामा मानवअधिकार रक्षक संजाल गठन भएको छ। संजालका सबै सदस्य संगठित भएर मानवअधिकार उल्लंघनका विषयमा आवाज उठाउनुका साथै सरोकारवाला निकायको ध्यानाकर्षण गर्नु पर्दछ ।'

रोयम नेपालले युवा मानवअधिकार रक्षक सञ्जाल गठन गर्नुका साथै बुधबार मानव अधिकारसम्बन्धी जिल्लास्थित सरोकारवाला निकायहरूसँग अभिमुखीकरण कार्यक्रम सञ्जालन गरिएको थियो ।

कार्यक्रममा डोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी महत, जिल्ला प्रहरी कार्यालय डोल्पाका डिएसपी हरीकृष्ण केसी, गैर सरकारी महासंघ कर्णाली प्रदेशका सचिव रणबहादुर कार्कीलगायत जिल्लाका युवाहरूको उपस्थित रहेको थियो ।

# 'शैक्षिक सुधारमा सिद्धार्थ सामाजिक विकास केन्द्रको भूमिका महत्त्वपूर्ण'



**अर्जुन बेल्बासे/मध्यान्ह**
कपिलवस्तु, १२ पुस

कपिलवस्तुको शिवराज नगरपालिका वडा नम्बर ४, १० र ११ लाई कार्यक्षेत्र बनाइ कार्यक्रम सञ्चालन गरेको सिद्धार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तुले आफ्ना उपलब्धिहरु प्रस्तुत गरेको छ । शैक्षिक कार्यक्रम अन्तर्गत २०२४ मा सम्पन्न गरेका कार्यक्रमहरूको लेखाजोखा र आगामी वर्ष २०२५ का शैक्षिक कार्यक्रमहरूबारे जानकारी गराएको हो ।

आफ्ना कार्यक्षेत्रभित्रका प्रधानाध्यापकहरूसँग आयोजित कार्यक्रममा संस्थाले २०२४ मा गरेका उपलब्धिहरू प्रस्तुत गरेको छ । संस्थाले शिक्षा निरन्तरता सुनिश्चित गर्न जोखिममा रहेका १९४ बालबालिकालाई शैक्षिक सामग्री सहयोग गरेको छ । विद्यालयमा सुरक्षित सिकाइ वातावरण निर्माणका लागि ६ विद्यालयमा फर्निचर, जस्तापाता, शौचालय, तथा खानेपानीमा सहयोग गरेको छ। अतिरिक्त तथा सहक्रियाकलापमा सहजीकरण, बाल क्लबको कार्ययोजना कार्यान्वयनमा सहयोग, र बालमैत्री शिक्षण वातावरण निर्माणका लागि आवश्यक शिक्षण सामग्री समेत प्रदान गरिएको छ ।

शैक्षिक कार्यक्रम अन्तर्गत शिक्षण सिकाइ विधिमा शिक्षक प्रशिक्षित गर्न, बालबालिका तथा फोकल शिक्षकलाई प्राथमिक उपचार तालिम दिनुका साथै विद्यालय सुशासन सम्बन्धी विभिन्न क्षमता विकास तालिम पनि सञ्चालन गरिएको संस्थाले जनाएको छ । संस्थाका अनुसार, जुन ०१, २०२२ देखि डिसेम्बर ३१, २०२४ सम्म सञ्चालन भएको कार्यक्रमबाट ४१ लाख ५७ हजार रुपैयाँ शिक्षा क्षेत्रका गतिविधिमा खर्च गरेको छ ।

शिक्षा शाखाका दिनेश चौधरीले संस्थाले विद्यार्थीलाई समान शैक्षिक अवसर सुनिश्चित गर्न, सार्वजनिक गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न र विद्यालयको शैक्षिक स्तर सुधार गर्न महत्वपूर्ण योगदान दिएको बताए ।

# सन्धिखर्कमा कृषि पाठशाला सुरु



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १२ पुस

अर्घाखाँचीको सन्धिखर्कमा आइपीएम कृषक पाठशाला सुरु भएको छ । सन्धिखर्क १ र २ को बृती तथा सुक्मी फाँटमा सञ्चालन भएको कृषक पाठशालाको लुम्बिनी प्रदेशका कृषि मन्त्री दिनेश पन्थीले समुद्घाटन गरेका छन् ।

सन्धिखर्क स्मार्ट आइपीएम कृषक पाठशालाको आयोजना तथा बाली संरक्षण प्रयोगशाला खजुरा बाँके र कृषि ज्ञान केन्द्र अर्घाखाँचीको प्राविधिक सहयोगमा सुरु भएको पाठशालाले कृषकहरुलाई व्यवसायिक बन्न सहयोग पुग्ने अपेक्षा राखिएको छ । कृषकहरुलाई राम्रोसँग सिकेर व्यवसायिक उत्पादनमा लाग्न आग्रह गर्दै मन्त्री पन्थीले व्यवसीयिक कृषकहरुलाई सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताए । उनले उत्पादन बिना आर्थिक समृद्धि सम्भव नभएकाले उत्पादनमा जोडिन र कृषिमार्फत आर्थिक स्वरोजगार बनी आयआर्जन गर्न सबै कृषकलाई आग्रह गरे ।

अनुगनका क्रममा कृषि अनुदानदेखि दुधको बजारीकरणमा प्रदेश सरकारले किसानलाई सहयोग गर्ने लुम्बिनी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले बताए । पन्थीले कृषि व्यवसायलाई आधुनिकीकरण गर्दै रोजगारीका अवसर सिर्जना गर्न सकिने बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेशका सांसद रामजी प्रसाद घिमिरे, जिल्ला समन्वय प्रमुख जीवनारायण कोइराला, कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख बुद्धिराज घिमिरे, बाली संरक्षण प्रयोगशाला खजुरा बाँकेका सकिल अहमद लगायतले मन्तव्य राखेका थिए ।


**UAE मा रोजगार** | कम्पनी : lahej and sultan cleaning service and general maintenance co | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/१५ | चलानी नं.: ६०२१३९६० | LT. NO.: 299026 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 42 | 85 | स. काममा दक्ष | 800 | २९,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, Phone: 01-4987991 | 4987992 | Mob. 9801033972 Email:-siwakoti806@gmail.com

**साइप्रसमा रोजगार** | कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. | शहर: Cyprus, Larnaca
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४२५ | L.T. No.: 316105

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1250 | १७६,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Spa Therapist | 0 | 5 | | 1250 | १७६,९७५ | | | | | | |
| 3. | Waiter/waitress | 5 | 5 | | 950 | १३४,५०१ | | | | | | |

मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
टोखा ११ भण्डारी टोल, टोखा काठमाडौं,नेपाल श्रम ईजाजत नं. : १०३४/०७२/०७३
Tel: 4985294, 4985295, 9801255512, Email: info.royal1034@Gmail.com

**Qatar मा रोजगार** AQUA CLEAN | पूर्व स्वीकृती मिति : २०८१/०९/१२ | चलानी नं.: ६०२३०३४३ | LT No. : 316002

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | QR | ने.रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Labourer | 5 | काममा दक्ष | 1000 | ३७,३००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | २ वर्ष |

यसै कम्पनीको लागी Rope Access Technician हरुको पनि माग भएकाले निःशुल्क परामर्शको लागी सम्पर्क गर्नुहोला ।
अन्तरवार्ता २०८१ पौष २० गते (4 Jan., 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।
AAROHI HR Solutions Pvt. Ltd. Govt. Lic. No: 1244/074/075
**आरोही एच.आर. सोलुसन्स प्रा.लि.**
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01-4961807, 4962925 | 9851067941, 9801081902

**कुवेत र युएईमा रोजगार**
कम्पनी : DELIVERY STATION CONSUMER DELIVERY COMPANY | शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४०५ | LT. No.: 316143

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nepali Light Driver | 50 | 0 | स. काममा दक्ष | 140 | ६१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : DASMAN CONSUMER DELIVERY COPMANY | शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४०६ | LT. No.: 316144

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nepali Light Driver | 50 | 0 | स. काममा दक्ष | 140 | ६१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C.. | शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०३४७ | LT. No.: 316049

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 80 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Mason | 40 | 0 | | 1200 | ४४,४७२ | | | | | | |
| 3. | Steel Fixer | 40 | 0 | | 1200 | ४४,४७२ | | | | | | |
| 4. | Suttering Carpenter | 40 | 0 | | 1200 | ४४,४७२ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Sinamangal 9 Kathmandu, Nepal Tel.: 01-4111301 Mobile: 9842036587, 9869317171, 9763228777, 9803515104, 9862504026, 9827685565, 9807322773, 9847497631, 9815604031

**साउदीमा रोजगार**
कम्पनी: ABDULLAH HASAN ALI AL MARHOON FOR CONTRACTING EST | शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०९/०९ | चलानी नं.: ६०२३०३८१ | L.T. No.: 315644

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: PETRO JANA GENERAL CONTRACTING EST. | शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०९/११ | चलानी नं.: ६०२३०३८० | L.T. No.: 316018

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: QUAD LINES CONTRACTING EST | शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०९/११ | चलानी नं.: ६०२३०३७९ | L.T. No.: 316017

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: TAP GULF FOR HUMAN RESOURCE COMPANY | शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२१०३७८ | L.T. No.: 316138

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 35 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: MAKKI BIN ALI BIN MAKKI AAL-KHULAIF GENERAL CONTRACTING EST | शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०६/१० | चलानी नं.: ६०२२५८२६ | L.T. No.: 311284 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: SHAWATI AL SADARA COMPANY FOR OPERATION AND MAINTENANCE | शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ | चलानी नं.: ६०२२५६८३ | L.T. No.: 311132 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: MOHSEN ALI AL KAABI CONTRACTING COMPANY | शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०६/११ | चलानी नं.: ६०२२५५०८ | L.T. No.: 311412 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २१ गते (5 January 2025) मा हुनेछ ।
**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१-४९८८८८८ फ्याक्स: ४३८१११७
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

**Kuwait मा रोजगार** Habka company for Tailoring Arabic Men's Clothing's and Fabrics
पूर्व स्वीकृती मितिः २०८१/०९/११ | चलानी नं. ६०२३०३१८ | LT No. : 316069

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने.रू. | खाना/बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|
| १ | Tailor | 2 | 0 | काममा दक्ष | 150 | ६६,२००।- | छ |

अन्तरवार्ताः २०८१ पौष २० गते (4 Jan., 2025) यस प्रा. लि. कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।
**Euro Asia H.R. Solutions Pvt. Ltd.** Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9851159503
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

**SAUDI मा रोजगार** Yuksel Insaat Saudia Co.
पूर्व स्वीकृती मितिः २०८१/०९/१२ | चलानी नं. : ६०२३०३८३ | LT No.: 316146

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker /Labour | 25 | 0 | काममा दक्ष | 1000 | ३६,३००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ बर्ष |
| २. | Construction Worker/General Worker | 25 | 0 | | 1000 | ३६,३००।- | | | | | | |
| ३. | Heavy Truck Drivers | 10 | 0 | | 1500 | ५४,५००।- | | | | | | |

Innovative Contractors Company For Advanced Standards
पूर्व स्वीकृती मितिः २०८१/०९/१२ | चलानी नं. : ६०२३०३८४ | LT No.: 316060

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labours | 1 | काममा दक्ष | 7000 | २,५४,४००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | २ बर्ष |

अन्तरवार्ता २०८१ पौष २१ गते (5 Jan., 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।
**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.** श्रम ईजाजत न.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**साउदीमा रोजगार**
कम्पनी : ACHIEVEMENT TREE CAFE FOR DRINKS | शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४४० | LT No: 316230

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista (Coffee maker) | 1 | 0 | स. काममा दक्ष | 1400 | ५०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : ADWAA AL OROBH CONTRACTING ESTABLISHMENT. | शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४३८ | LT No: 316231

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : ZAID ALI ABU HAID SONS COMPANY FOR TRANSPORTATION. | शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४३७ | LT No: 316232

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Trucks Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : REMAL ASSWAHEL CONTRACTING AND MAINTENANCE CO. | शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४३९ | LT No: 316214

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 70 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : LAMINA COMPANY LTD | शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४४१ | LT No: 315977

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 20 | 0 | स. काममा दक्ष | 1100 | ३९,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : ALAM SERVICES COMPANY FOR OPERATION AND MAINTENANCE | शहर : JEDDAH
पूर्व स्वीकृत मितिः २०८१/०६/१४ | चलानी नं.: ६०२२६०४४ | LT. No.: 311566 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Self Packer | 29 | 0 | स. काममा दक्ष | 1200 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
**Rays Recruitment Pvt. Ltd.** Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com

**साउदीमा रोजगार**
कम्पनी: EAGLE BEVERAGE SHOP. | शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०९/११ | चलानी नं.: ६०२३०३२६ | LT.No.: 316160

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1600 | ५८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः KHAT ALWADI CONTRCTING IS ONE PERSON COMPANY | शहरः Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०९/११ | चलानी नं.: ६०२३०३८८ | LT.No.: 316159

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Mechanic | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Heavy Truck Drivers | 4 | 0 | | 1800 | ६५,२५० | | | | | | |
| 3. | Tire Changers | 1 | 0 | | 2500 | ९०,६२५ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
**C.D. Human Resources Pvt. Ltd.** Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263, | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Contact no 9808793080, 9704541905, 9818272436, 9761746298

**साउदीमा रोजगार**
कम्पनीः AL-SHARHAN CONTRACTING COMPANY | शहरःRIYADH
पूर्व स्वीकृत मितिः २०८१/०९/११ | चलानी नं.: ६०२३०३२४ | LT. No.: 316167

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Cable Labor | 1 | 0 | स. काममा दक्ष | 2500 | ९०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः JAWATHA AL-AHSA LAUNDRY शहरःRIYADH पूर्व स्वीकृत मितिः २०८१/०९/११ | चलानी नं.: ६०२३०३२५ | LT. No.: 316171

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.** Gov. Lic No. 190/057/058
Kupondole-10, Kandev Temple, Lalitpur Phone No: +977-15920668, 15920568
Mob: 9703851443. Email: nasserplacement2000@gmail.com

**UAE मा रोजगार**
कम्पनी : AL MUBADALA BUILDING MAINTENANCE | शहरः AJMAN
पूर्व स्वीकृत मितिः२०८१/०९/१२ | चलानी नं.:६०२३०३६५ | LT. No.: 316085

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steal Fixer | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २० गते (4 January 2025) मा हुनेछ ।
**Creative Placement Services Pvt. Ltd.** Govt. Lic. No. 289/058/059
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498, Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org

**UAE मा रोजगार** | कम्पनीः PYTHON GENERAL SECURITY GUARD SERVICES CO LLC | शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/११ | चलानी नं.: ६०२३०३२२ | LT. No.: 316072

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 16 | 0 | स. काममा दक्ष | 1200 | ४४,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २० गते (4 January 2025) मा हुनेछ ।
**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.** FUTURE STAR MANPOWER PVT. LTD. श्रम इजाजत नं.: ३९७/०६०/०६१
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोनः ०१-४९६०५७६, ४९५०७१९
०१-४९६०५७६, 9810101810, 9813916322. Email: futurestarmp397@gmail.com

**युएईमा रोजगार**
कम्पनी : SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C. | शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ | चलानी नं.: ६०२३०४१७ | LT. No.: 316183

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 150 | 50 | स. काममा दक्ष | 2000 | ७४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
**Futurecraft H.R.Solution Pvt.Ltd** श्रम इजाजत नं. १६८५/०८०/०८१
Tokha -10, SamaKhusi Kathmandu, Nepal. Tel No: 01-4972001/4972000 | E-mail: info@futurecrafthr.com

# दियालो सहकारीले बचत फिर्ता नदिएको भन्दै बचतकर्ता तनावमा

## व्यवस्थापक शाह भन्छन्, 'बचतकर्ताको समस्या छिट्टै समाधान हुन्छ'

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १२ पुस ।




जुम्लाको दियालो बहुउद्देश्यीय सहकारी संस्था जुम्लामा बचत गर्ने बचतकर्ता यतिबेला सडकमा आएका छन् । सहकारीले बचत गरेको रकम फिर्ता लिन समस्या देखिएपछि बचतकर्ताहरू सडकमा आएका हुन् ।

दियालो सहकारीमा साउनी महताराको दुई लाख ६२ हजार रूपैयाँ बचत रहेको छ । सो पैसा उनले दाउरा र आलु बेचेर जम्मा गरेको पैसा हो । तर, अहिले रकम बचत गरेको सहकारीमा पटक-पटक धाउँदा समेत उनले आफ्नो बचत फिर्ता पाउन सकेकी छैनन् । उनकाअनुसार सो सहकारीमा उनले बचत गर्न थालेको झण्डै तीन वर्ष हुन लागिसकेको छ ।

त्यस्तै, अर्का मुनबहादुर बुढाले पनि सो सहकारीमा ८ लाख रूपैयाँ बचत गरेका छन् । उनले पनि आफ्नो बचत फिर्ता नपाएको दुखेसो पोखेका छन् । 'आलु बेचेर आधापेट खायर बचत गरेका हौं, तर अहिले सहकारीले बचत माग्न आउदा एक हजार मात्रै दिन्छ, बचत फिर्ता नपाउँदा बच्चाहरूलाई पढाउन समस्या परेको छ', बुढाले भने। आफ्ना बच्चा पढाउन र कोठा भाडा तिर्न रकम अभाव भएको उनको भनाइ छ ।

दर्जनौं पटक बचत फिर्ताको लागि सहकारीमा धाउँदा पनि बचत फिर्ता नपाएको भन्दै बुढाले सहकारीले बचत फिर्ता गर्न आलटाल गर्न लागेको बताए । अहिले सहकारीका कर्मचारीले रकम फिर्ता नदिने भनेर धम्काउने गरेको समेत उनको गुनासो छ । त्यस्तै, बचतकर्ता नन्द बुढाले पनि सोही सहकारीबाट ८ लाख रूपैयाँ लिनुपर्ने बताएका छन् ।

उनले भने, 'त्यहा म असार जादाखेरी दिनन सकिने भन्दै सहकारीले फर्काईदियो, 'म बजारमा बस्छु, कोठा भाडा तिर्नुपर्छ, मैले स्याउ, ओखर, साग तरकारी बेचेर जम्मा गरेको रकम फिर्ता पाइएन', उनी भन्छन्, 'आधा पैसा दिएको भएपनि मैले बालबच्चा पढाउन सक्थें ।'

उनले आफूहरूलाई दैनिक एक हजारका दरले रकम लैजान भनेको बताएको तर, आफ्नो गाउँबाट बजार आउजाउ गर्न दैनिक ६ सय रुपैयाँ लाग्ने गरेकाले तीन सय लिनका लागि बजार आउन नसकिने बताए ।

साउनी, मुनबहादुर र नन्दको मात्रै नभएर सो सहकारीबाट बचत फिर्ता नपाएको अन्य धेरै बचतकर्ताहरूले पनि गुनासो गरेका छन् । साग, सिमी, तरकारी, ओखर बेचेर कमाएको रकम सहकारीमा बचत गरेको तर, अहिले सञ्चालकहरू नै सम्पर्कमा नआएको बचतकर्ताहरूको गुनासो छ ।

उक्त सहकारीमा मजदुर, किसान, एकल महिला लगायत हजारौं बचतकर्ताले बचत गरेका छन् । उनिहरूले बचत फिर्ताको माग गर्दै कहिले ऱ्याली निकाल्छन्, कहिले सिडियो कार्यालय धाउँछन् भने कहिले पत्रकार समक्ष धाउने गरेका छन् । २०६६ साल साउन २६ गते जुम्ला जिल्लाको चन्दननाथनपाको वडा नम्बर एक देखि सात सम्म तातोपानी गाउँपालिकाको वडा नम्बर चार र गुठीचौर गाउँपालिकाको वडा नम्बर पाँच कार्य क्षेत्र तोकेर चन्दननाथ गाउँपालिका ६ मा मुख्य कार्यालय स्थापना गरेर सो सहकारी स्थापना भएको थियो ।

सो सहकारी सञ्चालक समितिका अध्यक्ष टेकबहादुर शाही यतिबेला भारतको कलकत्तामा छन भने व्यवस्थापक दीपक शाह काठमाडौंमा छन् । संस्थाले बचतकर्ताको १९ करोड ५० लाख मध्ये १८ करोड तिर्न बाँकी रहेको व्यवस्थापक दीपक शाहले बताए । उनकाअनुसार संस्थामा एक करोड ५० लाख शेयर लगानी छ भने संस्थाले ऋण लगानी ३४ करोड गरेको छ ।

बितेको डेढ वर्षको अवधिमा संस्थाले तीन करोड ऋण लगानी मात्रै उठाउन सकेको आगामी चैत अन्तिमसम्म सबै बचतकर्ताको बचत फिर्ता गर्ने तयारी रहेको व्यवस्थापक शाहले बताए । 'हाम्रो अध्यक्ष अहिले कलकत्तामा हुनुहुन्छ, उहाँ उतैबाट ऋण ल्याउने तयारीमा हुनुहुन्छ', उनले भने, 'त्यो रूपैयाँ आएपछि हामी बचतकर्ताको ऋण तिर्ने तयारी छ', शाहले भने ।

जुम्लाबजार सानो भएको र ऋण लगानी धेरै भएका कारण पनि पैसा उठाउन नसकिएको उनको भनाइ छ । हामीलाई काम गर्ने वातावरण भएको खण्डमा तत्काल बचतकर्ताको समस्या समाधान हुने उनले बताए । उनले दुर्गा प्रसाईका सर्मथकले बचत फिर्ताको माग उठाएर बचतकर्तालाई भड्काएको समेत आरोप लगाएका छन् । 'हाम्रा अध्यक्षको नेपालगन्ज र चितवनमा रहेको जग्गा बिक्री गरेर भएपनि बचतकर्ताको ऋण तिर्ने प्रक्रिया सुरु गरिसकेका छौं', उनले भने, 'आर्थिक संकटका कारण बजार बाट पैसा उठाउन सकिएको छैन, त्यसैले डेढ वर्षदेखि हामीले पैसा फिर्ता गर्न नसकेका हौं ।'

कर्णाली प्रदेशको भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालयका प्रमुख खुमप्रसाद सुवेदीलाई सो सहकारीको समस्याको विषयमा बुझ्न फोन सम्पर्क गर्दा भने सम्पर्क हुन सकेन । सहकारीबाट बचत फिर्ता नपाएको नागरिकको गुनासो आउँदा सम्बन्धित निकायहरू भने मौन बसेको देखिएको छ ।

# ग्लोबल आइएमई बैंक १८औं वर्षमा प्रवेश गर्दै




**काठमाडौं/मस** – ग्लोबल आइएमई बैंक व्यावसायिक रूपमा सञ्चालनमा आएको आगामी पुस १८ गते १८ वर्ष पूरा हुँदैछ। आर्थिक वर्ष २०८०/८१ मा बैंकले सञ्चालन मुनाफा ८ अर्ब ८६ करोड ७३ लाख र कर पछिको मुनाफा ६ अर्ब १३ करोड ७४ लाख रूपैयाँ हासिल गर्न सफल भएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा बैंकको खुद ब्याज आम्दानी गत वर्षभन्दा २५ करोड रूपैयाँले कमी भएको छ भने फी शुल्क तथा सञ्चालन आम्दानीमा भने १ अर्ब १२ करोड ७७ लाख रूपैयाँले वृद्धि भएको छ । त्यस्तै, सञ्चालन खर्चतर्फ पनि १ अर्ब ८ करोड ४६ लाख रूपैयाँले वृद्धि भएको छ । समीक्षा अवधिमा बैंकको खुद मुनाफामा ५५ करोड ६९ लाखले कमी आएको छ ।

कर्जाको न्यून माग, अधिक तरलता र अपेक्षा अनुसारको कर्जा तथा ब्याजको असुली नभएका कारणले गत आर्थिक वर्ष जस्तै यस आर्थिक वर्षमा पनि बैंकको खुद मुनाफामा संकुचन आएको छ । बैंकले सो मुनाफापछि ५.५ प्रतिशत बोनस सेयर दिने घोषणा गरेको छ।

चालु आर्थिक वर्षको प्रथम त्रैमासमा भने बैंकको निक्षेपमा २४ अर्ब ५१ करोडले वृद्धि भइ ५ खर्ब २९ अर्ब ३८ करोड पुगेको छ भने कर्जा लगानीतर्फ पनि २७ अर्ब ८६ करोडले वृद्धि भइ ४ खर्ब १८अर्ब ६३ करोड पुगेको छ ।

चालु वर्षको प्रथम त्रैमास अवधिमा बैंकले १ अर्ब ५१ करोड रूपैयाँभन्दा बढी खुद मुनाफा आर्जन गर्न सफल भएको छ । बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरक-फरक विधामा सम्मानित भएको छ। बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, सन् २०२२ मा युरो मनी अर्वाड, द वेस्ट बैंक इन नेपाल, बेष्ट इम्प्लोयर लगायतका प्रतिष्ठित अवार्डहरूबाट सम्मानित भएको छ ।

हाल सो बैंकले देशका ७७ वटै जिल्लामा आफ्ना शाखा कार्यालय, शाखा रहित बैंकिङ सेवा, एटिएम, एक्सटेन्सन र अन्य काउन्टरहरू समेत एक हजार एक सयभन्दा बढी सेवाकेन्द्र मार्फत् करिब ५० लाख ग्राहकहरूलाई बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

नेपाल सरकार
वैदेशिक रोजगार विभाग,काठमाडौं
**दावी विरोध सम्बन्धी सूचना**
सूचना प्रकाशित मिति :२०८१/०९/१३

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **KHAGOL OVERSEAS PVT. LTD.** (इ.प.नं. ६३५/०६३/०६४) ले यस विभाग समक्ष रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं. ९ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०९/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।


**Qatar मा रोजगार** AL KAUN TELECOMS
पुर्व स्वीकृती मितिः २०८१/९/११ चलानी नं. ६०२३०३३४ LT No.: 316198

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | QR | ने.रु. |
|---|---|---|---|---|
| १. | Labourer | 10 | 1000 | ३६,८८०।- |
| २. | Technician (Gen) | 10 | 1100 | ४०,५००।- |

अन्तरवार्ता २०८१ पौष २० गते (4 Jan., 2025) यस प्रा. लि. को कार्यालय भिमसेनगोला, काठमाडौंमा हुनेछ ।
David Foreign Recruitment Agency Pvt. Ltd.
Govt.Lic.No: 1248/074/075
Bhimsengola-31, Bagmati Corridor, Kathmandu, 01-5915447
Hotline : 9804068005, 9841595615, Email : jobsdavidhr@gmail.com

**Qatar मा रोजगारको अवसर** CHAMONIX BEAUTY CENTER
पूर्व स्वीकृती मितिः २०८१/०९/११ चलानी नं.: ६०२३०३९७ LT No. 316186

| सि.नं. | कामदारको पद | माग संख्या महिला | QR | ने.रु. |
|---|---|---|---|---|
| १. | Beautician/General Beautician | 1 | 1700 | ६३,९००।- |
| २. | Makeup Artist | 1 | 2000 | ७५,२००।- |

अन्तरवार्ता २०८१ पौष २० गते (4 Jan.,2025) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।
GOLDEN CROWN OVERSEAS PVT. LTD. Lic. No.: 1706/081/82
Binayak Marg, Sinamangal, Kathmandu, Tel.: 01-5922362
Email : goldencrown514@gmail.com, Web: gcopl.com

**यूएईमा रोजगार** कम्पनी : NOVA ENGINEERING WORKS OWNED BY TARIQ ABDALLA ONE PERSON COMPANY L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मिति : २०८१/०९/११ चलानी नं.: ६०२३०३३३ LT. No.: 316162

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Mechanic Assistant | 25 | 0 | 1000 | ३७,०६० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
नाशा ह्यूमन रिसोर्स प्रा. लि. श्रम इजाजत पत्र नं.: ८३१/०६६/०६७
महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोन: ०१- ४३७९६७७, ९८०८५४५५११.

**युएई र कुवेतमा रोजगार** कम्पनी : AMAL AL MADINA CLEANING SERVICES L.L.C शहर : AJMAN
पूर्व स्वीकृत मिति: २०८१/०९/११ चलानी नं.: ६०२३०३६४ L.T. No.: 316139

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Carpenter | 31 | 0 | 1200 | ४४,४७२ |

कम्पनी : BUTTERFLY KUWAITI CO. FOR SWEETS & PASTRIES W.L.L. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०३६२ L.T. No.: 316022

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Kitchen Utensils Cleaner | 6 | 0 | 100 | ४४१६८ |
| 2. | Assistant Cook | 4 | 0 | 130 | ५७४१८ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
मदरल्याण्ड ओभरसिज प्रा. लि. श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 4366318, Fax: 436474
Email : cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com, Website:www.motherlandoverseas.com

**युएईमा रोजगारको अवसर** कम्पनी : WATER SEAL INSULATION MAT.CONT.CO.LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/११ चलानी नं.: ६०२३०४२० LT. No.: 316184

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | 900 | ३३,३५४ |
| 2. | Masion | 10 | 0 | 1300 | ४८,१७८ |
| 3. | Painter | 10 | 0 | 1300 | ४८,१७८ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
New S.V. International Pvt. Ltd. Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +015913575, 9704338375 | E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np

**साउदी र युएईमा रोजगार** कम्पनी : ARABIAN BUILDING SUPPORT AND REHABILITATION CO. LTD. शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०३६३ LT. No.:316150

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Building Roof Cleaning Worker | 97 | 0 | 1000 | ३६,२५० |

कम्पनी : E S GLOBAL MANPOWER LLC शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ चलानी नं.: ६०२२४३८७ LT. No.:309646 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Plumber Assistant | 1 | 0 | 1200 | ४४,४७२ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
माादी ओभरसिज सर्भिसेस प्रा. लि. श्रम ईजाजत पत्र नं. २०१/०५७/०५८
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९
फ्याक्स: ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

**युएईमा रोजगार** कम्पनी: DESERT TURFCARE GARDENS MAINTENANCE LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०३६८ LT. No.:316110

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Agriculture Workers (Male) | 200 | 0 | 800 | २९,६४८ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २० गते (4 January 2025) मा हुनेछ ।
Maven Recruitment Services Pvt. Ltd. Gov. Lic No. 1081/073/074
साविकको: Baby Star International Pvt. Ltd.
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Fax: 4494173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np

**UAE मा रोजगार** Al Sahel Contracting Co. LLC
पूर्व स्वीकृती मिति: २०८१/०९/०८ चलानी नं. ६०२३०१४० LT No. : 315822

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| १. | Helper | 50 | 0 | 1050 | ३९,०००।- |
| २. | Mason (Tiles/Bolck/Plaster) | 75 | 0 | 1300 | ४८,०००।- |
| ३. | Scaffolder | 50 | 0 | 1200 | ४४,५००।- |
| ४. | Steel Fixer | 25 | 0 | 1200 | ४४,५००।- |

अन्तरवार्ता २०८१ पौष २२ गते (6 Jan., 2025) जनकपुरधाम, धनुषामा, २०८१ पौष २४ गते (8 Jan., 2025) बाजेको सेकुवा, पोखरामा, २०८१ पौष २५ गते (9 Jan., 2025) बुटवलमा र २०८१ पौष २६ गते (10 Jan., 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल काठमाडौंमा हुनेछ ।
अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि. श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोबाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

**UAE मा रोजगार** FALCON CHEMICALS
पूर्व स्वीकृती मिति: २०८१/०९/१२ चलानी नं. ६०२३०३३१ LT No. : 316043

| सि.नं. | कामदारको पद | पुरुष | AED | ने.रु. |
|---|---|---|---|---|
| 1 | Helper | 5 | 800 | २९,०००।- |

अन्तरवार्ता : २०८१ पौष २० गते (4 Jan.,2025) प्रा. लि. को कार्यालय, गौशाला, काठमाडौंमा हुनेछ ।
Orchid Overseas Pvt. Ltd. Gov. Lic. No.: 889/067/068
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 9851048627, POKHARA: 9802853456, 061-59011
BIRTAMODE: 9801458705, 9806097819, KAPILVASTU: 9851047870, 9801070419
E-mail: orchidhrinfo.np@gmail.com, Web : orchidhr.com.np

**KUWAIT मा रोजगार** कम्पनी: NUTREEZE RESTAURANT COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०४३५ LT. No.: 316236

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Cashier | 4 | 2 | 150 | ५२,२०० |
| 2. | Cook | 9 | 0 | 150 | ७६,५६० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
BLUE OCEAN RECRUITMENT PVT. LTD. ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com

**युएईमा रोजगार** कम्पनी: : QASR AL JABAL CONCRETE CARPENTER CON शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०४३४ LT. No.: 316107

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 10 | 0 | 1200 | ४४,४७२ |
| 2. | Tile Layer | 5 | 0 | 1200 | ४४,४७२ |

कम्पनी: : DAR AL SAIF PLASTER CONT. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०४३३ LT. No.:316108

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Stone Mason Assistant | 10 | 0 | 1200 | ४४,४७२ |
| 2. | Brick Masons | 10 | 0 | 1200 | ४४,४७२ |
| 3. | Stone, Mason | 10 | 0 | 1200 | ४४,४७२ |

कम्पनी: : AL BATEEN PLASTERS & TILES CONT शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०४३६ LT. No.: 316109

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Reinforce Fitter Assistant | 10 | 0 | 1200 | ४४,४७२ |
| 2. | Tile Layer Assistant | 10 | 0 | 1200 | ४४,४७२ |
| 3. | Tile Layer | 10 | 0 | 1200 | ४४,४७२ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि. श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोन:०१४९५७०४७, मोबाईल: ९८१६९३५५३२, ९८१५१८६५६३
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

**साउदीमा रोजगार** कम्पनी: BLUE POWER TRADING EST. शहर : Riyadh
पूर्व स्वीकृत मिति : २०८१/०९/१२ चलानी नं.: ६०२३०४१६ LT. No.: 316187

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Loader & Unloader | 1 | 0 | 1200 | ४३,५०० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २० गते (4 January 2025) मा हुनेछ ।
Metta International Pvt. Ltd. श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४१११२६९, ४१११२६७ Fax.: 4112978
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com

**युएईमा रोजगार** कम्पनी : NATIONAL CATERING COMPANY LIMITED-WLL शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०४ चलानी नं.: ६०२२९९१८ L.T. No.: 315544

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Waiter | 15 | 0 | 1000 | ३७०६० |
| 2. | Cleaner Female | 0 | 10 | 800 | २९६४८ |
| 3. | Cleaner Male | 75 | 0 | 800 | २९६४८ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २०, २१ र २२ गते (4, 5 & 6 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल, बिर्तामोडमा २०८१ पुष २०, २१ र २२ गते (4, 5 & 6 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता बुटवल, चैराहामा २०८१ पुष २०, २१ र २२ गते (4, 5 & 6 January 2025) मा हुनेछ ।
Mechi International Overseas Pvt. Ltd. Gov. Lic No. 1313/074/075
Sinamangal, Kathmandu, Tel: 01- 4487000, Fax: 01- 4116650, Mob.: 9822600200, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np
Birtamode Contact number - 9824970168, 9815915556, Butwal Contact Number - 9817406192, 9869251322

**साउदीमा रोजगार** कम्पनी: TRANS AL FURAT CONTRACTING CO. LTD शहर: AL KHOBAR पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०६/११ चलानी नं.: ६०२२५९३५ LT. No.:311307

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Construction Labors | 4 | 0 | 1000 | ३७,२५० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २१ गते (5 January 2025) मा हुनेछ ।
Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081 , Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

**साउदीमा रोजगार** कम्पनी :AL SHULA AL BAIDHA FOOD SERVICES COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०३३७ LT. NO.: 316075

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 10 | 0 | 1000 | ३६,२५० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) मा हुनेछ ।
मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि. श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा-१०,सामाखुशी, काठमाडौं, नेपाल, फोन: ४९५८७८६, ४९८५३७३

**कतारमा रोजगार** कम्पनी: DR.MAMDOUH FARID HOSPITAL W.L.L शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०३६० L.T. No.: 316011

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने. रू. |
|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker (Female) | 0 | 1 | 1200 | ४४,८२० |
| 2. | Gen.clean.worker | 3 | 0 | 1200 | ४४,८२० |
| 3. | Gen.clean. Worker (Female) | 0 | 2 | 1200 | ४४,८२० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २० गते (4 January 2025) हुनेछ ।
J.K. OVERSEAS PVT. LTD. Gov. Lic. No. 1720/081/082
Sukedhara - 4 , Kathmandu, Tel : 01-4548016, Mob.: 9803645644, 9861546458, E-mail: jkoverseasnepal@gmail.com

# जनकपुर बोल्ट्सका खेलाडीको 'ट्रफी परेड'



**धनुषा/मस-** नेपाल प्रिमियर लिग (एनपीएल)को उपाधि विजेता जनकपुर बोल्ट्सका खेलाडीहरु शुक्रबार जनकपुरधाममा 'ट्रफी परेड'मा सहभागी भएका छन् । बिहीबार राति जनकपुर आइपुगेका खेलाडीहरुले शुक्रबारदेखि मधेश प्रदेशमा ट्रफी परेड सुरु गरेका हुन् ।

जसअन्तर्गत पहिलो दिन जनकपुरधाममा भव्य नगरपरिक्रमा गरिएको हो । रामजानकी अन्तर्राष्ट्रिय रंगशालामा बिहान सुरु भएको ट्रफी परेड थापा चोक हुँदै पिडारी चोक, रामानन्द चोक, बजरंग चोक, भ्रमरपुरा चोक, जिरो माइल, विश्वकर्मा चोक, मुरली चोक, रामचोक हुँदै जानकी मन्दिरमा समापन भएका थियो ।

नगरपरिक्रमाका अवसरमा जनकपुरधामका नागरिक समाज, खेलप्रेमीलगायतको सहभागिता थियो । यही पुस ६ गतेसम्पन्न एनपिएलको फाइनलमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले पराजित गर्दै जनकपुर बोल्ट्स विजेता बनेको थियो ।

# टेबलटेनिस मेयर कपमा ललितपुर-७ लाई स्वर्ण



**काठमाडौं/मस-** छैटौं मेयर कप ललितपुर महानगरपालिका अन्तर वडा टेबलटेनिस प्रतियोगिताको टिम इभेन्ट'मा पुरुषतर्फ ललितपुर महानगरपालिका-७ ले स्वर्ण पदक जितेको छ। स्वर्ण विजेता खेलाडी टोलीमा डिकेन महर्जन, एलेक्स महर्जन, एलेन महर्जन, मिजेन शाक्य र निकेश जोशी छन् । ज्याकी महर्जन टोली प्रशिक्षककोे जिम्मेवारीमा छन्। पाटनमा आज भएको फाइनल खेलमा वडा नं ७ ले वडा नं ८ लाई ३-१ ले पराजित गर्‍यो । वडा नं ७ ले पहिलो सिंगल्स गुमाए पनि खेलमा पुनरागमन गर्‍यो र लगातार तीन सिंगल्स जित्दै स्वर्ण पदक हात पारेको हो ।

पहिलो सिंगल्समा एसियाली खेलकुदमा सहभागिता जनाइसकेका वडा नं ८ का रुविन महर्जनले वडा नं ७ का डिकेनलाई ११-५, ११-७, १०-१२ र ११-४ को सेटमा पराजित गरे । अन्य सिंगल्समा वडा नं ७ का एलेक्सले बिपुल महर्जनलाई ११-८, ९-११, ११-५ र १४-१२ तथा रुविनलाई ११-९, ११-९, ८-११ र ११-७ को सेटमा हराए । एलेनले ज्ञानेश्वर महर्जनलाई ७-११, ११-६, ११-५ र ११-६ को सेटमा पाखा लगाए ।

# निरजलाई सूर्य नेपाल इस्टर्न ओपनको उपाधि




**काठमाडौं/मस-** धरानका प्रो निरज तामाङले कुलस्कोरको रेकर्ड बराबरी गर्दै सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत तेस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको उपाधि जितेका छन्। उनले धरानकै प्रो शुक्रबहादुर राईको रेकर्ड बराबरी गर्ने क्रममा १७-अन्डर १९३ को स्कोरसहित करियरको दोस्रो उपाधि जिते।

शुक्रबार ५-अन्डर ६५ को उत्कृष्ट स्कोरमा निरजले विष्णु प्रसादशर्मालाई १० स्ट्रोकको फराकिलो अन्तरमा हराए। उपाधिसँगै निरजले १ लाख ५० हजार प्राप्त गरे । उनले यही प्रतियोगिताको पहिलो दिन शुक्रको नाममा रहेको ७-अन्डरको कोर्स रेकर्ड पनि तोडेका थिए।

पार ७० को धरान गल्फ क्लबमा ७-अन्डर २०३ स्कोरसहित विष्णु दोस्रो भए। उनले शुक्रबार २-अन्डर ६८ को कार्ड बनाए र नगद १ लाख आफ्नो नाममा लेखाए । धरानका बलभद्र राई ३-अन्डर २०७ सहित तेस्रो हुँदै ७५ हजार जित्न सफल रहे। उनले शुक्रबार १-ओभर ७१ स्कोर निकाले।

सात स्ट्रोकको अग्रतासहित अन्तिम १८ होलको खेल सुरुवात गरेका निरजले एकपक्षीय शैलीमा उपाधि जिते । सानदार सुरुवात गरेका उनले फ्रन्ट नाइनमा ५-अन्डर ३१ खेले । पहिलो देखि तेस्रो होलसम्म लगातार तीन बर्डी प्रहार गरेका निरजले बोगी फ्री फ्रन्ट नाइन खेल्ने क्रममा छैटौं रनवौं होलमा पनि एक-एक सट जोगाए।

फ्रन्ट नाइन सकिँदा निरजले शुक्रको रेकर्ड तोड्ने संकेत देखाए। दशौं होलको डबल बोगी र एघारौं होलको बोगीले त्यो सम्भावनालाई कमजोर बनायो। तर बाह्रौं, तेह्रौं र सत्रौं होलमा बर्डी खेल्दै उनले ब्याक नाइन इभन-पार ३४ मा सकाए। नयाँ रेकर्ड कायम गर्नबाट थोरैले चुके पनि निरजले ५४-होलको विजयी स्कोर भने बराबरी गरे।

विष्णुले तेस्रो, पाँचौं, छैटौं र नवौं होलमा बर्डी प्रहार गर्दै फ्रन्टनाइन ४-अन्डर ३२ मा पुरा गरे। ब्याक नाइनमा पनि चार बर्डी प्रहार गरे, तर दुई होलमा बोगी खेल्दै विष्णुले २-ओभर ३६ खेले। उनले १३औं, १४औं, १६औं र १७औं होलमा एक-एक सट बचाए। १५औं र १८औं होलमा बोगी प्रहार गरे।

धरानका बलभद्रले फ्रन्ट नाइन इभन-पार ३६ मा सकाए। पहिलो र चौथो होलमा बोगी प्रहार गरेपनि छैटौं र नवौं होलमा बर्डी प्रहार गरे। ब्याक नाइनमा १-ओभर ३५ खेले। उनले ११औं होलको बर्डीविरुद्ध १३औं र १६औं होलमा एक-एक सट खेर फाले।

भुवन नगरकोटी र रवि खड्का २-अन्डर २०८ सहित चौथो स्थानमा रहे। अन्तिम दिन भुवनले ४-अन्डर ६६ र रविले २-अन्डर ६८ खेले। उनीहरूले जनही ५५ हजार प्राप्त गरे। समग्रमा १-अन्डर २०९ को नतिजामा धन बहादुर थापा (७०) र भुवन कुमार रोक्का (७३) छैटौं हुँदै जनही ४४ हजार नगद पुरस्कार हात पारे। समग्रमा १-ओभर २११ स्कोर बनाएका रामे मगर (७१) आठौं भए। उनी ३८ हजार नगद पुरस्कारको हकदार बने। यसैगरी समग्रम ४-ओभर २१४ स्कोरमा टंक बहादुर कार्की रसञ्जय लामाले नवौं स्थानमा बाँडे। जनही ३३ हजार ५ सय नगद पुरस्कार पाएका टंकले २-ओभर ७२ र सञ्जयले ४-अन्डर ६६ को स्कोर दर्ज गरे ।

एमेच्योरतर्फ धरानका सुमन परियारले सुन्दर राईलाई दुई स्ट्रोकले हराउँदै उपाधि जिते । अन्तिम दिन १-अन्डर ६९ सहित समग्रमा सुमनले १-अन्डर २०९ स्कोरमा प्रतियोगिता सकाए । सुन्दरले १-ओभर २११ मा खेल पूरा गरे । उनले पनि शुक्रबार १-अन्डर ६९ मा खेल सकाए ।

प्रतियोगिताका विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रा.लि.का डेपुटी जनरल म्यानेजर केशव प्रधान र नेपाल गल्फ संघका उपाध्यक्ष तिलक राईले पुरस्कार वितरण गरे । ५४ होलको प्रतियोगितामा कुल ८ लाख ८२ हजार नगद पुरस्कार राशि रहेको थियो । तीन दिने प्रतियोगितामा २९ प्रोफेसनल २७ एमेच्योर गरी कुल ५६ गल्फरको सहभागिता रहेको थियो । शनिबार प्रो-एम इभेन्ट हुनेछ ।

